का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० फागुन २०८०,
बिहीबार
22 February 2024,
Thursday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## कांग्रेस महासमिति बैठक

# गठबन्धन संस्कृतिबारे बाँडिए प्रतिनिधि

आगामी आमचुनावमा गठबन्धन गर्ने वा नगर्ने भन्ने विषयमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापाबीच सहमति जुटेको छ । तर यही विषयमा महाधिवेशन प्रतिनिधिहरु बाँडिएका छन् । देउवा निकटकाहरुले चार वर्ष पछाडिको विषयमा अहिले निर्णय लिनु उचित नरहेको तर्क गरेका छन् भने संस्थापन इत्तर पक्षले रुख बाहेक अन्य चिह्नमा भोट नहाल्ने संकल्प गरेर जानुपर्ने तर्क गरेका छन् ।



कांग्रेस बाहेकका सबै एक ठाउँमा आउने भए भने त्यो बेलामा उनीहरुलाई फुटाउन कांग्रेस कसै न कसैसँग मिलेर गठबन्धनमा जाने परिस्थिति सिर्जना पनि हुनसक्छ । अहिलेदेखि नै गठबन्धन गर्ने भनेर हिँड्ने कुरा सम्भव छैन । यो तत्कालीन रणनीतिक विषय हो ।

**मोहन बस्नेत**, नेता, नेपाली कांग्रेस



आगामी दिनमा गठबन्धन आवश्यक छैन भन्नेको संख्या ठूलो रहेको छ । पार्टी विधान अनुरुप नचलेको कुरा पनि बैठकमा प्राथमिकताकासाथ उठेको छ । केन्द्रीय तहका नेताहरु वडामै गएर निर्वाचन जितेर केन्द्रिय सदस्य लड्नुपर्छ भन्नेमा अधिकांशले जोड दिनुभएको छ ।

**शिव लम्साल**, नेता, नेपाली कांग्रेस



**आरके डिसी/मध्याह्न**
काठमाडौं, ९ फागुन ।

नेपाली कांग्रेस महासमिति सदस्यहरु गठबन्धन संस्कृतिको विषयमा बाँडिएका छन् । ललितपुरको गोदावरीमा जारी महासमितिको बैठकमा प्रस्तुत उपसभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको प्रतिवेदनमाथि महासमिति सदस्यहरुले समूहगत छलफल गरेका छन् । त्यसक्रममा उनीहरु गठबन्धन संस्कृतिबारे बाँडिएर प्रस्तुत भएका हुन् ।

महासमिति बैठकमा प्रतिवेदन प्रस्तुत हुनु अगाडि चुनाव अगाडिको गठबन्धनको विषयलाई लिएर पार्टी सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापाकै बीचमा मतभेद भएको थियो । चुनावमा कांग्रेस एक्लै प्रतिस्पर्धामा उत्रले थापाको प्रस्तावमा उपसभापति खड्का र महामन्त्री शर्मा समेत सहमत थिएनन् । तर गगनको अडानका सामु कांग्रेस नेताहरु गलेका थिए । उक्त बहसको रुप महासमिति सदस्यहरुका बीचमा देखा परेको हो ।

देउवा पक्षले चार वर्ष पछाडिको विषयमा अहिले निर्णय लिनु उचित नरहेको तर्क गरेका छन् भने संस्थापन इत्तर पक्षले रुखमा भन्दा अन्यत्र भोट नहाल्ने संकल्प उचित रहेको भनी प्रतिवाद गरेका छन् । पृष्ठ २ मा

# शुद्धीकरण थाल्दै एमाले

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले आर्थिक अपचलन र यौन विचलनमा परेका नेताहरुलाई कारबाहीको दायरामा ल्याउने गरी शुद्धीकरण अभियानको तयारी गरेको छ ।

**मुकुन्द लामिछाने/मध्याह्न**
काठमाडौं, ९ फागुन ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले आगामी वर्ष २०८१ भर पार्टी शुद्धीकरण र सुदृढीकरण अभियान चलाउने तयारी थालेको छ । आज, (बिहीबार) सकिनेगरी केन्द्रीय मूख्यालय च्यासलमा जारी केन्द्रीय कमिटी बैठकबाट एमालेले आगामी वर्ष शुद्धीकरण अभियानमा लाग्ने जानकारी दिएको हो ।

पार्टी संगठन, राजनीतिक कार्यक्रम र नेताहरुको आचरणमा शुद्धीकरण गर्नेगरी केन्द्रीय सदस्यहरुको सुझाव समेत लिइएको छ । वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेलले केन्द्रीय सदस्यहरुसँग पार्टी शुद्धीकरणबारे केन्द्रीय सदस्यहरुको राय मागेर प्रतिवेदन पेश गरेका थिए ।

वरिष्ठ उपाध्यक्ष पोखरेलले 'शुद्धीकरण/सुदृढीकरण सम्बन्ध' र उपाध्यक्ष पौडेलले 'जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्त र जनआधारित कार्यकर्ता पार्टीको मर्मलाई बुझ्ने र कार्यान्वयन गर्ने चुनौती' शीर्षकको प्रतिवेदन बैठकमा पेश गरेका थिए । महासचिव पोखरेलले भने मिसन ग्रासरुट र मध्यपहाडी संकल्प यात्रा सहित पार्टी कामको समीक्षा समेटिएको प्रतिवेदन पेश गरेका थिए ।

यी प्रतिवेदनहरुमाथि केन्द्रीय सदस्यहरुलाई ९ समूहमा विभाजन गरेर छलफल चलाइएको थियो । सात प्रदेश, स्थायी कमिटी र गैरभौगोलिक गरी ९ समूहमा विभाजित भएर नेताहरुले बुधबार दिनभर शुद्धीकरणका निम्ति चाल्नुपर्ने कदमबारे सुझाव दिएका छन् ।

नेताहरुका अनुसार, आगामी आमचुनावबाट एमालेलाई पहिलो शक्ति बनाउने पार्टीको उद्देश्य पुरा गर्न पनि शुद्धीकरण आवश्यक पर्ने केन्द्रीय सदस्यहरुले सुझाव दिएका छन् । तर त्यसरी शुद्धीकरण गर्दा केन्द्रीय तहकै नेताहरुबाट थाल्नुपर्ने उनीहरुको सुझाव छ ।

'तलका कार्यकर्तालाई शुद्धीकरण गरेर हुँदैन, माथिबाटै थाल्नुपर्छ भन्ने लगभग सबैजसो नेताहरुको साझा सुझाव छ', केन्द्रीय सदस्य किशोरबिक्रम मल्लले भने । उनका अनुसार, आर्थिक अपचलन र यौन विचलनको आरोप लागेका नेताहरुलाई त्यसै छोड्न नहुने पनि केन्द्रीय सदस्यहरुले सुझाव दिएका छन् ।

'आरोप लागेको भरमा होइन, छानबीन गरेर दोषी ठहर भएमा कार्बाही गर्नुपर्छ भन्नेमा नेताहरु सहमत देखिनुभएको छ', मल्लले भने ।

अर्का केन्द्रीय सदस्य उषाकिरण तिम्सिनाले पार्टीभित्र देखिएको दक्षिणपन्थी अराजकता, आर्थिक अपचलन र यौन विचलन जस्ता समस्याको निकरण तत्काल गरिनुपर्ने सुझाव नेताहरुले दिएको बताइन् । 'राजनीतिक कार्यक्रम, संगठनात्मक अराजकता र नेताहरुमा देखिएको विचलनको शुद्धीकरण माथिबाट गरिनुपर्छ भन्नेमा एकमत देखिएको छ', उनले भनिन् ।

समूहगत छलफलबाट आएको सुझाव आज (बिहीबार) केन्द्रीय कमिटीको हलमा प्रस्तुत गर्ने कार्यसूची छ । टोली नेताले समूहगत छलफलबाट संकलित राय पेश गरेपछि त्यसलाई केन्द्रीय सचिवालयले केन्द्रीकृत गर्नेछ । त्यही कार्यक्रम लिएर एमालेले आगामी वर्षभर अभियान चलाउने नेताहरुले बताएका छन् ।



राजनीतिक कार्यक्रम, संगठनात्मक अराजकता र नेताहरुमा देखिएको विचलनको शुद्धीकरण माथिबाट गरिनुपर्छ भन्नेमा एकमत देखिएको छ ।

**उषाकिरण तिम्सिना**
केन्द्रीय सदस्य, नेकपा एमाले

# प्रचण्डको हातमा गणतन्त्र उल्ट्याउने माग !



मुलुकलाई दुर्घटनाबाट जोगाउन प्रमुख दलहरुले नयाँ समझदारी गरेर अघि बढ्नुपर्छ ।

**राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा

**मध्याह्न संवाददाता**
काठमाडौं, ९ फागुन ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ४० बुँदे माग पत्र बुझाएको छ । बुधबार सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा पुगेर राप्रपा नेताहरुले मागपत्र बुझाएका हुन । जसमा केही माग वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्था विरोधी छन् भने केही सरकारले गर्नुपर्ने आर्थिक-सामाजिक विषयसँग सम्बन्धित छन् ।

कुनै बेला ४० बुँदे माग तत्कालीन सरकारलाई बुझाएर तत्कालीन व्यवस्था विरोधी विद्रोहमा लागेका प्रचण्डलाई नै राप्रपाले उस्तै शैलीमा आफ्ना मागहरु राखेको हो ।

राजतन्त्रात्मक शासन व्यवस्था ढालेर गणतन्त्र ल्याउने नेताका रुपमा आफूलाई चित्रित गर्ने प्रचण्डलाई नै राप्रपाले राजसंस्था फर्काउने मागसहितको ४० बुँदे मागपत्र बुझाएको हो । राप्रपाले बुझाएको ज्ञापन पत्रको प्रमुख मागमा संवैधानिक राजसंस्था ल्याउनुपर्ने, हिन्दुराज्य पुर्नस्थापना गर्नुपर्ने र संघीयता खारेज गर्नुपर्ने जस्ता छन् ।

यी सबै माग अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र विरोधी हुन् । राप्रपाको ज्ञापनपत्र बुझ्दै माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्डले राजनीतिक मुद्दामा आ-आफ्नो मत हुने भन्दै त्यसलाई सरकारले अन्यथा नलिने तर आन्दोलन शान्तिपूर्ण रुपमा गर्न सुझाव दिएका पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### घरेलु कामदारका नाममा बेचिएकी तामाङ स्वदेश फर्किइन्

**तिलु शर्मा पौडेल/मध्याह्न**
दोहा, कतार, ९ फागुन

कालीका गाउँपालिका १ रसुवाकी नानी तामाङ (नाम परिवर्तन)लाई यूएईबाट कतारमा घरेलु कामदारको रूपमा बेचिएको पाइएको छ । १९ महिना अगाडि नेपालको एक म्यानपावरबाट रसुवा नै घर भएका अमृत गुरुङले दुबई भिजिट भिसामा पठाएपछि उनी दुबईबाट कतारमा बेचिएको भेद खुलेको हो ।



गत सालको डिसेम्बरमै एनसीसी कतारले यस बारेमा जानकारी पाए पनि कसरी कदम चाल्ने, कहाँबाट सत्य तथ्य बुझ्ने र कसरी नेपाल फिर्ता पठाउने भन्ने बारेमा दूतावाससँग समन्वय गर्दै अगाडि बढेको एनसीसी कतारका अध्यक्ष रमेश भट्टले बताए । यो विषय मानव बेचबिखनसँग जोडिने र अति पृष्ठ २ मा

### वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै ठग्ने तीन जना पक्राउ

**काठमाडौं/मस-** हंगेरी, दक्षिण कोरिया र पोर्चुगलमा वैदेशिक रोजगारीमा पठाइदिने भन्दै ठगी गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । रौतहट माधव नारायण नगरपालिका वडा नं. ३ घर भइ हाल काठमाडौं वडा नं. १४ कुलेश्वर बस्ने चन्दन कुमार श्रेष्ठले अभिषेक रावललाई वैदेशिक रोजगारीका लागि हंगेरी पठाइदिन्छु भनि ठगी गरेको उजुरीमा प्रहरीले पक्राउ गरेको छ । श्रेष्ठले रावललाई हंगेरी पुगेपछि प्रतिष्ठित कम्पनीमा प्याकिङको काम लगाइदिन्छु, मासिक पृष्ठ २ मा




## UAE मा रोजगारको अवसर
कम्पनी: LAVAJET COMPANY ALAIN
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/१०/२६ | चलानी नं.: ६०२१४७५६ | L.T. No.: 299764 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drivers | 100 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Girl | 0 | 5 | | 1000 | ३६,०६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १७ गते (29 February 2024) मा हुनेछ ।

नोट: यूएईको ड्राइभिङ लाइसेन्स भएकाहरूले यथासिघ्र सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Itahari : 9816368105 | 9810591900, Janakpur: 9801046354 | 9801046355
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
| like us on facebook.com/naukri.nepal



## बजार प्रतिनिधिको आवश्यकता !!
(महिला/पुरुष)

वैदेशिक रोजगारको क्षेत्रमा विगत २२ वर्ष दखि अनवरत रुपले विभिन्न देशहरुमा वैदेशिक रोजगार सेवा प्रदान गरिरहेको यस प्यारडाईज ईन्टरनेशनल प्रा.लि. लाई विभिन्न प्रदेश अर्न्तगत रहेर प्रा.लि.को बजार प्रतिनिधि (Marketing Executive) हरुको आवश्यकता परेकोले तलको ठेगानामा आफ्नो सक्कल बायोडाटा सहित सम्पर्क गर्नुहोला ।

पद: बजार प्रतिनिधि (Marketing Executive)
संख्या: १० जना

आवश्यक न्युनतम योग्यता
- कम्तीमा +२ उतिर्ण भएको हुनुपर्ने ।
- Information Technology (IT), E-mail, Internet, Photoshop सम्बन्धी राम्रो जानकारी भएको हुनुपर्ने ।
- सर्वसाधारणहरुलाई सम्बन्धित कामको बारेमा सार्वजनिक बहस ( Public Deal), सहजिकरण तथा उपयुक्त बयान गर्नसक्ने हुनुपर्ने ।
- उमेर २२ वर्ष देखि ४५ वर्ष सम्म ।
- सम्बन्धित काम गरिसकेकालाई प्राथमिकता दिइनेछ ।

अन्तर्वार्ता मिति र स्थान: २०८० फागुन १३ गते आइतवारका दिन प्रा.लि.को कार्यालयमा सक्कल कागजात सहित उपस्थित हुनुपर्नेछ ।

प्यारडाईज ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं.१८७/०५७/०५८
कुपण्डोल-१०, ललितपुर (कानदेबता मन्दिरबाट सिधा करिब ३०० मिटर भित्र माथी)
फोन नं.: ५५३३४३५, ५५३४०४२, ९८४९०५३४३२

मध्यान्ह
www.madhyanhadaily.com

१० फागुन २०८०, बिहीबार
22 February 2024, Thursday

# श्रीमतीसँगको खटपटले निम्तिएको हत्याकाण्ड

**काठमाडौं/मस-** श्रीमतीसँगको खटपट बढ्दै जाँदा काठमाडौंको एक परिवारमा बिभत्स हत्याकाण्डसम्म मच्चिएको छ। सोलुखुम्बुको दूधकुण्ड घर भई नागार्जुन नगरपालिका-६ भैरबटोलमा बस्दै आएका राजु घिमिरे भनिने काजी विकले बुधबार बिहान आफ्नी श्रीमती, छोरी र नातिनीको हत्यागरेपछि आत्महत्या गरेका हुन ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीका अनुसार उनले ३८ वर्षीया श्रीमती ईश्वरी श्रेष्ठ, ८ वर्षीया छोरी अनिशा श्रेष्ठ र साढे दुई वर्षकी नातिनी सिवानी श्रेष्ठको हत्या गरेका हुन । उनीहरुको हत्यापछि काजीले घटनास्थलभन्दा दुई किलोमिटर परको जंगलमा गएर रुखमा झुन्डिएर आत्महत्या गरेका थिए । प्रहरी प्रारम्भिक अनुसन्धानले काजीले नै आफ्ना परिवारका सदस्यहरुको हत्या गरेको निष्कर्ष निकालेको छ । 'परिवारका सदस्यहरुको हत्या गरेपछि उनले आत्महत्या गरेको प्रारम्भिक अनुमान छ,' प्रहरी उपरीक्षक अधिकारीले भने, 'यसै विषयमा केन्द्रित रही प्रहरीले अनुसन्धान थालिसकेको छ ।' काजीले परिवारका सदस्यहरुलाई आफूले हत्या गरेको जानकारी गराएका थिए । त्यसपछि प्रहरी घटनास्थलमा पुगेर अनुसन्धान थालेको थियो । घरेलु हतियार प्रहार गरी उनले तीन जनाको हत्या गरेको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरुले बताएका छन् ।



प्रहरीका अनुसार काजीले हत्याको कारण समेत रेकर्ड गराएका छन् । १५ वर्षीय छोरालाई पसलमा पठाएका उनले उनीहरुको हत्या गरेका थिए । छोरा फर्किएपछि उनलाई मोबाइलमा भिडियो खिच्न लगाएर राजुले हत्याको कारण समेत बताएका हुन । श्रीमती अर्कै केटासँग लागेपछि आफूले हत्या गरेको राजुले बताएका छन् । 'आमा अरू केटाहरूसँग लागी, मलाई चैनसँग बाँच्न दिइनँ,' राजुले भिडियो भनेका छन्, 'आमाजस्तो नहुनू, राम्रो भविष्य होस्। बैंकमा पैसा राखेको छु। मैले बाँच्न सकिनँ त्यसैले मारेँ, गल्ती गरेँ।'

प्रहरीका अनुसार काजीले श्रीमितलाई अर्कै केटासँग लागेको आरोप लगाएर झगडा गर्ने गरेका थिए । होटेल गर्दै आएकी उनकी श्रीमतीले स्थानीय एक युवकविरुद्ध बलात्कारको कसुरमा जोहरी दिएकी थिइन् । ती युवा गत फागुन १ गते ५ लाख रुपैयाँ धरौटीमा छुटेका थिए । त्यसयता काजीले श्रीमतीसँग दैनिकजसो झगडा गर्न थालेका थिए । घटनाको अघिल्लो दिन पनि उनीहरुबीच झगडा भएको थियो ।

# हुम्लामा नुन अभाव, महंगो मूल्य तिर्न बाध्य

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ९ फागुन



दुर्गम जिल्ला हुम्लामा नुनको अभाव भएको छ। सरकारले ढुवानी अनुदानमा दिँदै आएको नुन अभाव भएको हो। साल्ट ट्रेनिङ कर्पोरेसन हुम्लामा नुन अभाव भएपछि बजारमा महंगो मूल्यमा नुन किन्नु परेको स्थानीयले बताएका छन् ।

सिमकोट गाउँपालिका वडा नं. ८ का उमेश बुढाले मध्यान्हसँग कुरा गर्दै जिल्लामा हरेक थोकको अभाव हुँदै आएको भएपनि सरकारले ढुवानी अनुदानमा दिँदै आएको नुनको अभाव देख्दा साँच्चिकै दुर्गम भएको अनुभूति भएको बताए ।

साल्ट ट्रेनिङ कर्पोरेसनमा नुन नहुँदा कर्पोरेसनकै नुन बाहिर बजारमा प्रति किलो २० रुपैयाँ मुल्य तिरेर लिनुपर्ने बाध्यता भएको सिमकोट वडा नं. २ का स्थानीय काली भण्डारीले बताइन् । साल्ट ट्रेनिङ कर्पोरेसनमा प्रति किलो ८ रुपैयाँ पर्दछ ।

जिल्लामा मात्र नभएर राष्ट्रिय सडक मार्ग जोडिएको सर्केगाड, अदानचुली गाउँपालिमा पनि नुनको अभाव झेल्दै आएको अदानचुली गाउँपालिकाका स्थानीय मोहन बुढाले बताए । बुढाका अनुसार साल्ट ट्रेनिङ कर्पोरेसनमा नुन नहुँदा बाजुरा गएर चर्को मूल्य तिरेर ल्याउनु परेको छ। बजारमा नुन किन्दा महंगो पर्ने भएपनि बाध्य भएर नुन किन्नु परेको उनले बताए।

नुन जिल्लामा प्राप्त मात्रामा नहुँदा पशुवस्तुलाई चिनियाँ ढेके नुन खुवाउँदै आएको भएपनि अहिले त्यहि ढिके नुन प्रयोग गर्नु परेको नाम्खा गाउँपालिका स्थानीय लुन्डुप लामाले बताए । लामाले जिल्लामा अति आवश्यक पर्ने कुराको अभाव हुँदा पनि त्यसमा सरोकार राख्ने निकायहरुले ध्यान आवश्यक रहेको बताए।

साल्ट ट्रेनिङ कर्पोरेसन हुम्लामा नुन न्यून भएको सहायक प्रमुख जिल्ला अधिकारी अमृत प्रसाद सुवेदीले बताए । नुन ढुवानीको ठेक्का ढिलाइ गरि भएको हुँदा नुन ढुवानिमा समस्या भएको उनको भनाइ छ । पुरानो ठेक्दारले ल्याएको नुन सकिन लागेको हुँदा अभाव देखिएको हो । नयाँ ठेकदारले पैदल मार्गको सर्केगाडको स्यातडिमा ल्याएको अब हेलिकप्टरमार्फत जिल्लामा ल्याउने तयारी भएको सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए । हप्ताको दुई पटक बिक्री वितरण हुने नुन अहिले एक पटक पनि हम्मेहम्मे भएको साल्ट ट्रेनिङ कर्पोरेसनले जनाए छ ।

# 'गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउन जरुरी'

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ फागुन

दादुरा, रुबेला खोप अभियान २०८०/८१ अन्तर्गत खोप दिने स्वास्थ्यकर्मीहरुको १ दिने अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ। स्वास्थ कार्यालय अर्घाखाँचीको आयोजना र सन्धिखर्क नगरपालिकाको समन्वयमा अभिमुखीकरण गोष्ठी सम्पन्न गरिएको हो ।

कार्यक्रममा मन्तव्य राख्दै सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले गुणस्तरीय औषधि प्रविधिजन्य स्वास्थ्य सामग्रीको प्रयोग गर्दै छिटो छरितो, सहज र सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुलाई आग्रह गरे । श्रेष्ठले नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको बताउँदै गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुऱ्याउने दायित्व राज्यको भएको बताए । उनले नगरपालिकाले स्वास्थ्य क्षेत्रको विकासका लागि कुनै कसुर बाँकी नराख्ने बताए ।

नगर प्रमुख श्रेष्ठले राष्ट्रिय स्वास्थ्य नीति, प्रदेश स्वास्थ्य नीतिलाई आधार मानेर सन्धिखर्क नगरपालिकाले वर्तमान अवस्था, समस्या, चुनौती तथा उपलब्धिहरुको मूल्यांकन गरी नीति निर्माण गरिरहेकाले सबैले सहयोग गर्नुपर्नेमा जोड दिए ।




कार्यक्रममा नगरपालिकाकी उपप्रमुख मिश्रा आचर्यले दादुरा रुबेला खोपबाट कोही पनि छुट्न नहुने बताउँदै सबै अभिभावकहरु यसमा सचेत हुनुपर्ने बताइन् । कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत मञ्जु खनालले स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रको विकासमा स्थानीय सरकार लागिरहेको र प्रदेश सरकार तथा संघीय सरकारले पनि विशेष ध्यान दिनुपर्ने बताइन् ।

जिल्ला स्वास्थ्य कार्यलय अर्घाखाँचीले जिल्लाका ६ वटै पालिकामा अभिमुखीकरण गोष्ठी गरी यो अभियानलाई महाअभियानको रुपमा अगाडि लैजाने तयारी गरेको छ। अर्घाखाँची जिल्लाभर फागुन १३ गते आइतबारबाट १७ गते बिहीबारसम्म दादुरा, रुबेलाविरुद्धको खोप अभियान सञ्चालन गर्ने गरी अभियानको तयारी तीव्र पारिएको सन्धिखर्क नगरपालिका स्वास्थ्य शाखा प्रमुख पुर्ण पराजुलीले बताए। यो अभियानमा ९ महिनादेखि ५ वर्षमुनिका बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर खोप लगाउन सकिने स्वास्थ्य शाखा प्रमुख पराजुलीले जानकारी दिए। अभियानमा ५ वर्षमुनिका बालबालिकालाई छुट भएका नियमित खोप पनि लगाइने भएकाले खोप कार्ड लिइ आउन पराजुलीले आग्रह गरे।

नेपालमा सन् २०२६ सम्म दादुरा, रुबेला नियन्त्रण गर्ने लक्ष्य सरकारले लिएको छ। कार्यक्रममा उपस्थित स्वास्थ्यकर्मीहरुले दादुरा अति छिटो सर्ने संक्रामक रोग रहेको बताउँदै यसको नियन्त्रण खोप नै भएको बताए । रुबेला पनि भाइरसकै कारणबाट हुने दादुरा जस्तै देखिने एक प्रकारको छिटो सर्ने संक्रामक रोग भएकाले सबै बालबालिकालाई दादुरा, रुबेलाविरुद्धको खोप लगाउन आवश्यक भएको जनस्वास्थ्य निरीक्षक प्रकाश परियारले बताए ।

दादुरा, रुबेलाबाट बचाउन नियमित खोपमार्फत बालबालिकालाई ९ र १५ महिनाको उमेरमा दादुरा, रुबेला खोपको दुई मात्रा लगाउनु पर्ने वाङला स्वास्थ्य चौकीका प्रमुख मिनराज पौडेलले बताए। दादुरा रुबेला रोग कुनै पनि उमेरका मानिसलाई र विशेष गरी ५ वर्ष मुनिका बालबालिकामा धेरै लाग्ने र छिट्टै महामारीको रुप पनि लिन सक्ने भएकोले सचेत रहन उनले अनुरोध गरे। पौडेलले १ बराबर १८ जनामा सर्ने बताउँदै श्वासप्रश्वासको माध्यमबाट समेत दादुरा, रुबेला सर्ने बताए।

सन्धिखर्क नगरपालिकाका प्रमुख श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम प्रकाश परियारले सञ्चालन गरेका थिए। नगरपालिका स्वास्थ्य शाखा प्रमुख पुर्ण पराजुलीको स्वागत तथा सहजीकरणमा भएको कार्यक्रममा उपप्रमुख आचर्यको आतिथ्यता, निमित्त प्रमुख प्रशासकीय अधिकृत मञ्जु खनाललगायतका कर्मचारीहरु तथा वडाध्यक्षहरुको उपस्थिति रहेको थियो।

# कर नतिर्नेलाई अल्टिमेटम



**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, ९ फागुन

आन्तरिक राजस्व कार्यालय धनगढी कैलालीले १ सय २६ जना करदातालाई १५ दिनभित्र १२ करोड ४८ लाख ९४ हजार २ सय ८५ रुपैयाँ बक्यौता कर दाखिला गर्न भनेको छ।

१ सय २६ करतादामा १ सय १८ करदाताले मूल्य अभिवृद्धि कर र बाँकी ८ कम्पनीले आयकर तिर्न बाँकी रहेको छ । कर तिर्न बाँकी हुनेमा अस्पताल, उद्योग, निर्माण कम्पनी लगायत रहेका छन्। करदाताहरुलाई कर बक्यौता रकम दाखिला गर्न विभिन्न मितिमा फोन सम्पर्क संकलन भ्रमण, एसएमएस तथा पत्राचार गरी जानकारी गराएकोमा हालसम्म पनि कर बक्यौता दाखिला नगरेको तथा कतिपय करदाताहरुलाई हुलाकमार्फत जानकारी गराउँदा पनि कर नतिरेको कार्यालयले जनाएको छ ।

पत्र तथा जानकारी प्राप्त नगरेको भए आफूले तिर्न बाँकी रहेको कर समयमा नै तिर्न भनेको छ। १५ दिनभित्र बक्यौता फरफारक नभएमा आय कर तथा अग्रीम कर बक्यौताको हकमा आय कर ऐन २०५८ को दफा १०४ देखि दफा १११ सम्म तथा मूल्य अभिवृद्धि कर बक्यौताको हकमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१ तथा अन्त शुल्कको हकमा अन्त शुल्क ऐन २०५८ को दफा १० मा उल्लेखित केही वा सबै प्रकृया अपनाई कर असुल उपर गर्ने जनाएको छ ।

जेभी फर्महरुको नाममा रहेको बक्यौताको हकमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १० बमोजिम जेभीमा आवद्ध प्रत्येक फर्मका सञ्चालक तथा साझेदारलाई व्यक्तिगत रुपमा जिम्मेवार बनाइ त्यस्ता व्यक्तिहरुको चल/अचल सम्पत्ती कब्जा गरी लिलाम बिक्री गरेर बैंक तथा वित्तिय संस्थामा रहेको रकम कट्टा गर्ने जनाएको छ ।

# कैलालीमा द्वन्द्वकालमा राखिएको बम फिस्फोट !

**धनगढी/मस-** कैलालीको भीमदत्त अन्तर्गत पर्ने चुरे गाउँपालिका वडा नम्बर ३ भासुभीर नजिकै बाटो खन्ने क्रममा बुधबार बम विस्फोट भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक कुलदीप चन्दले सडक चौडा तथा मर्मतका लागि काम गरिरहेको जेसिबीले सडक खन्ने क्रममा अचानक विस्फोट भएको बताए ।



बम विस्फोटमा चालकसहित चार जना घाइते भएका चन्दले बताए । घाइते हुनेमा जेसिबी चालक कैलालीका ४५ वर्षीय वसन्त खडायत, सुर्खेतका २२ वर्षीय हिरा थापा र कञ्चनपुरका नवीन देव अवस्थी रहेका छन् ।

घाइते चार जना मध्ये जेसीबी चालक डडेल्धुराको आलिताल गाउँपालिका ८ का २४ वर्षीय विकास थापाको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। थापाको सहजपुरस्थित स्वास्थ्य चौकीमा उपचार गरिएको छ । अन्य तीन जना घाइतेलाई उपचारका लागि धनगढीस्थित मायामेट्रो अस्पतालमा भर्ना गरिएको छ ।

विस्फोटमा परी कैलाली चुरे गाउँपालिका -३ का ४५ वर्षीय खडायतको टाउको र अनुहारमा चोट लागेको छ । सुर्खेत घर भइ हाल कञ्चनपुर बस्ने रोलर अप्रेटर २२ वर्षीय हिराको टाउको र अनुहारमा चोट लागेको छ । विराटनगर घर भइ हाल कञ्चनपुर बस्ने ३५ वर्षीय नबिनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । उक्त ठाउँमा सवारी साधन आवतजावतमा रोक लगाएको छ । घटना लगत्तै नेपाली सेनाको बम डिष्पोजल टोली घटनास्थल पठाइएको कैलालीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रले बताए ।

द्वन्द्वकालमा भासुक्षेत्रमा माओवादी सेना र तत्कालिन शाही नेपाली सेनाबीच लडाईं भएको थियो । माओवादीतर्फ ठूलो क्षति भएको सो क्षेत्रमा तत्कालीन समयमा पनि थुप्रै एम्बुस सेनाले निस्क्रिय पारेको थियो । बुधबार विस्फोट भएको विद्युतीय धराप द्वन्द्वकालकै भएको अनुमान गरिएको छ ।

भीमदत्त राजमार्गको मर्मत सम्भारको ठेक्का पाएका निर्माण व्यवसायी दिलराज जोशीको जेसीबीले सडक खन्ने क्रममा बम विस्फोट भएको हो। विस्फोटपछि जिल्ला प्रहरी कार्यालयले प्रहरी सहायक निरीक्षक प्रेम कुमार शाहको कमाण्डमा पाँच जना प्रहरीको टोली घटनास्थलमा पुगेको थियो ।

## कांग्रेस...

पत्रकारहरुसँग कुरा गर्दै नेपाली कांग्रेसका नेता तथा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहन बस्नेतले चुनावी गठबन्धनको सम्बन्धमा निर्णय गर्ने बेला नभएको बताए । उनी भन्छन्, 'कांग्रेस भन्दा बाहेकका सबै एकठाउँमा आउने भए भने त्यो बेलामा उनीहरुलाई फुटाउनका लागि कांग्रेस कसै न कसैसँग मिलेर गठबन्धनमा जाने परि स्थिति सिर्जना पनि हुनसक्छ । अहिलेदेखि नै गठबन्धन गर्ने भनेर हिँड्ने कुरा सम्भव छैन । यो तत्कालीन रणनीतिक विषय हो ।'

कांग्रेसकै अर्का नेता रामहरी खतिवडाले पनि अहिले गठबन्धनको विषयमा बोल्नु बेमौसमको बाजा भएको बताए । नेपाल महिला संघकी अध्यक्ष उषा मिश्र भने महासमितिको बैठकमा भुईंमान्छेका आवाज सुनिनुपर्ने बताउँछिन् । जनतालाई आशाको सन्देश दिनुपर्ने र त्यसका लागि जे गर्दा ठीक हुन्छ त्यो निर्णय हुनुपर्ने उनको मत छ ।

कांग्रेसकै नेता शिव लम्सालले 'आगामी दिनमा गठबन्धन आवश्यक छैन भन्नेको संख्या ठूलो रहेको' बताए । उनका अनुसार पार्टी विधान अनुरुप नचलेको कुरा पनि बैठकमा प्राथमिकताका साथ उठेको छ । केन्द्रीय तहका नेताहरु वडामै गएर निर्वाचन लडेर फेरि केन्द्रिय सदस्य लड्ने पूर्वाधार तयार गर्नुपर्छ भन्नेमा अधिकांशको जोड छ । गोदावरीमा जारी महासमिति बैठकमा महासमिति सदस्यहरुलाई चार समूहमा विभाजन गरी आफ्ना कुरा राख्न दिइएको छ ।

## प्रचण्डको...

थिए । सरकारले गर्ने दैनिक कामकाजसँग सम्बन्धित विषयमा भने प्रधानमन्त्री प्रचण्डले आफ्नो सरकारले मागपत्रमा समावेश भएका मध्य धेरै गरिसकेको जवाफ दिए । जनसरोकारको विषयमा राप्रपाले सरकारलाई धन्यावाद दिनुपर्ने प्रधानमन्त्री प्रचण्डको भनाइ थियो ।

राप्रपाले बुधबारदेखि नै आन्दोलन सुरु गरेको जनाएको छ । राजधानीमा भएको विरोध कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष राजेन्द्र लिङ्देनले मुलुकलाई दुर्घटनाबाट जोगाउन प्रमुख दलहरुले नयाँ समझदारी गरेर अघि बढ्नुपर्ने बताए । देश यथास्थितिमा अघि बढाउन खोजे दुर्घटनामा फस्ने उनको चेतावनी छ । उनले आफूहरुले देशलाई पछाडि फर्काउन चाह्यो भनेर भ्रमपूर्ण प्रचार नगर्न पनि आग्रह गरे ।

## घरेलु...

नै संवेदनशील रहेका कारण केही समय लागेको बताउँदै उनले एनसीसीको जानकारीमा आइसकेपछि एनसीसीकै श्रमिक विभागका संयोजक र सह संयोजकले आवश्यक कदम चालेको बताए ।

श्रमिक विभागका संयोजक कृष्ण पन्थीले मासिक करिब १२ सय तलब दिने सर्तमा यूएईबाट कतार ल्याए पनि दुई-तीन महिनामा एक पटक एक हजार मात्रै दिने गरेको पीडितलाई उद्धृत गर्दै मध्यान्हसँगको कुराकानीमा बताए । उनले तामाङ आफैंले हिम्मत गरेर घर छोडेर एनसीसीको सम्पर्कमा आइसकेपछि मात्र उनको नेपाल फिर्तीका लागि सहजीकरण गर्न सहज भएको बताए ।

दुबईबाट कतार पठाउने पीडकको खोजी र पीडितलाई उचित न्याय दिलाउन एनसीसी कतारले पुरै पहल गर्ने भएको छ । कतारमा घरेलु कामदारका लागि नेपाल सरकारले श्रम स्वीकृति दिँदैन ।

## वैदेशिक...

१ लाख २० हजार रुपैयाँ तलब हुन्छ भनि विश्वास दिलाइ पटक-पटक गरी २ लाख ७४ हजार रुपैयाँ लिएर सम्पर्कविहीन भइ ठगी गरेको उजुरी परेको प्रहरीले बताएको छ । प्रहरीले श्रेष्ठलाई कुलेश्वरबाट पक्राउ गरेको हो ।

त्यस्तै वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया पठाइदिन्छु भनि ठगी गरेको उजुरीका आधारमा प्रहरीले गोरखाको गोरखा नगरपालिका वडा नं. १४ घर भइ हाल काठमाडौंको सामाखुसी बस्ने बाबुराम थापालाई पनि पक्राउ गरेको छ । थापाले अमिर तामाङसमेत ३ जनालाई वैदेशिक रोजगारीका लागि कोरिया पठाइदिने र प्रतिव्यक्ति ७ लाख ५० हजार रुपैयाँ लाग्ने बताएर पीडितहरुबाट पटक-पटक गरी ९ लाख रुपैयाँ लिएको प्रहरीले बताएको छ ।

थापाले दक्षिण कोरिया पुगेपछि प्रतिष्ठित कृषि कम्पनीमा मासिक २ लाख ५० हजार रुपैयाँ तलब हुन्छ भनि विश्वास दिलाइ उक्त रकम लिएको खुलेको प्रहरीले बताएको छ । थापालाई प्रहरीले सामाखुसीबाट पक्राउ गरेको हो ।

त्यसैगरी पोर्चुगल पठाइदिन्छु भनि ठगी गरेको उजुरीका आधारमा प्रहरीले सिन्धुपाल्चोक लिसंखुपाखर घर भइ हाल काठमाडौंको मित्रनगर बस्ने टिका बहादुर भण्डारीलाई पनि पक्राउ गरेको छ । भण्डारीले टोपेन्द्र घर्तीसमेत २ जनालाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिने र त्यसका लागि प्रतिव्यक्ति १५ लाख रुपैयाँ लाग्छ भनि १७ लाख ६० हजार रुपैयाँ लिइ सम्पर्कविहीन भएको प्रहरीले बताएको छ ।

भण्डारीले पोर्चुगल पुगेपछि प्रतिष्ठित कृषि कम्पनीमा मासिक १ लाख ५० हजार रुपैयाँ तलब हुने काम लाइदिन्छु भनि विश्वास दिलाइ उक्त रकम लिएको देखिएको प्रहरीले बताएको छ । पक्राउ परेका तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनले जनाएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०७/१५ मा दर्ता भएको **प्रा.लि.नं. १०१८०७** को **अनुप एण्ड को प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८०/११/१०**

**मास्टर साब प्रा.लि.** को मिति २०८०/१०/२८ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इ.एल.ओ.पिठ प्रा.लि. (प्रा.लि. नं.: ३२०२२८)** कायम गर्ने गरी मिति २०८०/११/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१०/०४ मा दर्ता भएको **प्रा.लि.नं. २८१६९० को एभरेष्ट घरजग्गा बन्दोबस्त कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०३/११ मा दर्ता भएको **प्रा.लि.नं. २१८०४९** को **टूथ बड प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# चन्द्रपुरका राजमार्गमा जडान गरिएको सीसी क्यामेरा गुणस्तरहीन

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ९ फागुन





रौतहटको चन्द्रपुर नगरपालिकाले तीन स्थानका राजमार्ग क्षेत्रमा जडान गरेको सीसी क्यामेरा गुणस्तरहीन रहेको पाइएको छ । चन्द्रपुर नगरपालिकाको कर्मचारी मिलोमतोमा आर.आर एन्फोसिस चन्द्रनिगाहपुरका सञ्चालक रिजन अधिकारीले २४ लाख रुपैयाँमा सीसी क्यामेरा जडान गरेको हो ।

चन्द्रपुर नगरपालिकाका आ.इ.टी अफिसर राजेश सागर र इन्जिनियर भरत श्रीवास्तवको मिलोमतोमा रकम चलखेलमा आधारमा एउटै ब्राण्डको कम्पनी हिक भिजनलाई पर्ने गरी टेण्डर आह्वान गरेको थियो ।

टेण्डर आह्वान गर्दा १० वटामा फर्म बिक्री भएता पनि बोलकबोलमा तीन वटा फर्म मात्र सहभागी भएको र हिक भिजन कम्पनीसँग मिल्ने गरी रकम खुलाएका कारण मिलोमतो भएको आशंका गरिएको छ ।

चन्द्रपुर नगरपालिका वडा नं. ५ का संजिव काफ्लेले सञ्चालक अधिकारीसँग रकमी चलखेल गरेको र सोहि आधारमा टेण्डर परेको बुझिएको छ। सीसी क्यामेरा जडान भएदेखि मर्मतको नाममा रकम छुट्टिएको र पालिकाका कर्मचारीको समेत भागवण्डा मिलाएको आरोप लागेको छ ।

नगरपालिकाले सो मूल्यमा खरिद गरेको सीसी क्यामेरा तोकिएको मापदण्ड अनुसार नभएको स्थानीयले दाबी गरेका छन् । चन्द्रपुर नगरपालिकाले २४ लाख रुपैयाँमा राखेको सो सीसी क्यामेराको बजार मुल्यांकन १५ लाख रुपैयाँ पर्ने बताइएको छ ।

यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी समेत परेकाले चासो पूर्वक लिइएको बुझिएको छ । अख्तियारले नगरपालिकालाई पत्र काटेर यथेष्ट विवरण पठाउन समेत भनेको छ ।

जडान गरिएको सीसी क्यामेरा नाइटभिजन हुनुपर्ने हो, तर नाइटभिजन भनेर क्यामेरा नजिकमा बत्ति जडान गरिएको छ । चन्द्रपुर नगरपालिकाले पूर्व पश्चिम राजमार्गको आँप गाछि नजिक र जुडिबेलामा प्रवेशद्धार नजिकमा सीसी क्यामेरा जडान गरिएको छ । यसैगरी चन्द्रपुर गौर सडक खण्डको घोडदेवी मन्दिर नजिकमा सीसी क्यामेरा जडान भएको हो । आर.आर एन्फोसिसले सीसी क्यामेरा आफुले नै जडान गर्न पाउने गरी पालिकका कर्मचारीलाई मिलाएर गुणस्तरहीन काम गरेपछि अख्तियारसम्म उजुरी पुगेको जनाइएको छ । सीसी क्यामेराका बारेमा अख्तियारले चासो लिएकाले अनुसन्धानपछि वास्तविकता खुल्ने छ । यस अघि चन्द्रनिगाहपुर सरकारी अस्पतालमा समेत जडान गरेको सीसी क्यामेरामा पनि समस्या आएको बताइएको छ ।

यहाँका अधिंकाश नगरपालिकामा आर.आर एन्फोसिसले काम गरेपनि प्राय : सबै पालिकाको काम मिलोमतोमा नै भएको आशंका गरिएको छ । बाराको कोल्वी नगरपालिकामा सीसी क्यामेरा गुणस्तरहीन भएको आरोप आर.आर एन्फोसिस चन्द्रनिगाहपुरका सञ्चालक रिजन अधिकारीलाई लागेको छ ।

सबै पालिकामा मिलोमतो गरेर अधिकारीले सीसी क्यामेरा सप्लार्यस गर्ने तर जडान गरेको क्यामेराले अपेक्षानुसारको काम नगर्ने गरेको गुनासो बढेको छ ।

# कुमाल समुदायको पुर्ख्यौली पेशा संकटमा



**कमल कुमाल/मध्यान्ह**
कालिकोट, ९ फागुन

कुमाल समुदायको परम्परादेखिको माटोको भाँडा बनाउने पेशा संकटमा पर्न थालेको छ । कर्णाली प्रदेशका विभिन्न जिल्लामा बसोबास गरिरहेका कुमाल समुदायको पेशा संकटमा परेको हो ।

रास्कोट नगरपालिकामा वडा नम्बर ३ का कुमाल समुदायमा ३ सय १६ घरधुरी रहेका छन् ।

अहिले कुमालबाडामा फाट्टफुट्ट रुपमा मात्रै माटोका भाँडाहरु उत्पादन गर्ने गरेको भेटिन्छ । उनीहरु धेरैजसोले पेशा परिवर्तन गरेका छन् । माटोका भाँडा बनाउने पेशा संकटमा पर्नुको कारण युवा पुस्ताको आकर्षण कम हुनु हो ।

लोप हुँदै गएको पुर्ख्यौली पेशा जोगाउन नगरपालिकाले तीन महिने माटोका भाँडा बनाउने तालिम शुरु गरेपनि यो पेशाप्रति खासै चासो दिएको देखिँदैन ।

स्थानीय उदे कुमालले पछिल्लो समय आधुनिक सामग्री प्रयोग गर्ने क्रम बढ्न थालेपछि यो पेशाबाट जीविकोपार्जन गरिरहेका कुमाल समुदायको पेशा नै संकटमा पुग्ने क्रममा रहेको बताए ।

माटाका हुण्डी, घैंटा, पाला, भुट्का, आलुवा लगायतका माटाका वस्तु परम्परादेखि नै घरायसी प्रयोजनप्रति आकर्षित मानिन्छन् । यस पेशालाई संरक्षण गर्ने विषयमा कसैले पनि गम्भीरताका साथ ध्यान भने दिएको देखिँदैन ।

अहिले प्लाष्टिक र तामाको भाँडाहरु बढी प्रयोगमा भएकोले माटोको भाँडाको बजार नरहेको र भविष्यमा यो पेशा पूर्ण रुपमै लोप हुने अवस्थामा पुगेको छ । यो पेशामा पहिले देखि नै लगभग पुरुषले मात्र काम गर्थे । वर्तमान समयमा यस पेशाप्रति युवाहरु आकर्षित छैनन् भने वृद्धहरु सकुन्जेल मात्रै यस पेशालाई निरन्तरता दिने सक्छन् । तसर्थ, यो परम्परागत पेशा संरक्षणका लागि सम्बन्धित पक्षले समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

## जुम्लामा दादुरा–रुबेलाविरुद्धको खोप अभियान

# दश हजार बढी बालबालिकालाई खोप लगाउने लक्ष्य

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ९ फागुन




हिमाली जिल्ला जुम्लामा यहि फागुन १३ गतेदेखि दादुरा-रुबेलाविरुद्धको खोप अभियान सञ्चालन गरिने भएको छ । सरकारको दादुरा रुवेलाविरुद्धको खोप अभियान अन्तर्गत जुम्लामा पनि खोप अभियान सञ्चालन गर्न लागिएको हो ।

यही १३ गतेबाट खोप अभियान सञ्चालन हुने जनस्वास्थ्य कार्यालय जुम्लाले जनाएको छ ।

अभियानका विषयमा जानकारी दिन बुधबार जनस्वास्थ्य सेवा कार्यालयले जिल्ला स्तरीय खोप समन्वय समिति तथा सञ्चारकर्मीसँग अभिमुखीकरण गोष्ठी गरेको छ ।

जिल्ला समन्वय प्रमुख तथा जिल्ला खोप समन्वय समिति जुम्लाका कार्यबाहक अध्यक्ष लग्नमाया भण्डारीको अध्यक्षता भएको कार्यक्रममा जनस्वास्थ्य कार्यालय जुम्लाका प्रमुख कृष्णा सापकोटाले खोपको लक्ष्य, उद्देश्य, अवस्था, चुनौती र भावी कार्यदिशाका बारेमा सरोकारवालाहरुलाई जानकारी गराएका थिए ।

उनका अनुसार सरकारले २०२६ सम्म दादुरा रुबेला निवारण गर्ने लक्ष लिएको खोप छ । उनले भने,'बालबालिकालाई पूर्ण खोप नलगाउँदा बेलाबेलामा दादुरा रुबेला समुदायमा महामारीको रुपमा देखा पर्दै आएकाले यस पटक पनि नेपाल सरकारीले लक्ष्य हासिल गर्नका लागि देशभर खोप अभियान चलाएको हो ।'

जुम्लाको चन्दननाथ नगरपालिका, गुठीचौरगाउँपालिका तातोपानी गाउँपालिका र पातारासी गाउँपालिकामा यहि फागुन १३ गतेबाट खोप दिइने छ । त्यस्तै तिला, हिमा, सिजा र कनकासुन्दरी गाउँपालिकामा फागुन १९ गतेबाट उक्त खोप दिइनेछ ।

जनस्वास्थ्य प्रमुख सावकोटाका अनुसार यो सरुवा रोग हो । उनले भने, 'खोप लगाउने दौरानमा कुनै बालबालिकामा स्वास्थ्य समस्या देखिए जिल्ला र पालिकामा खोपबाट हुने अनुचित घटना न्यूनिकरणका लागि एइएफआई टिम गठन गरिने छ ।' उनका अनुसार उक्त टिमले खोप लगाएपछि बालबालिकामा आउने स्वास्थ्य समस्या समाधान गर्न उपचारमा खटिनेछ ।

त्यस्तै जनस्वाथ्य कार्यालय जुम्लाका जनस्वास्थ्य निरीक्षक प्रेम सुमाईका अनुसार ९ महिनादेखि पाँच वर्ष सम्माका दश हजार सात सय जना बालबालिकालाई खोप लगाउने लक्ष्य राखिएको छ । जसमा १ सय ६५ वटा खोप केन्द्र रहेका छन् भने ९० जना स्वास्थ्यकर्मीले खोप सेवा दिने छन् । समुदायमा रोगविरुद्ध रोग प्रतिरोधात्मक क्षमता बढाइ भविष्यमा हुन सक्ने दादुरा रुबेलाको महामारी रोक्न खोप अभियान शुरु गर्न लागिएको हो । खोप सुरक्षित भएकोले ढुक्का भएर लगाउन उनको सुझाव समेत छ । त्यस्तै जुम्लाका प्रमख जिल्ला अधिकारी जय कुमार घिमिरेले दादुरा-रुवेला सवभन्दा बढी सङ्क्रामक रोग भएको बताए ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/१०**

**माइण्ड एण्ड मेमोरी पावर ट्रेनिङ्ग सेन्टर प्रा.लि.** को मिति २०७८/०९/१९ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि. नं.: ११२८०९)** कायम गर्ने गरी मिति २०७८/१०/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१२/२९ मा दर्ता भएको **प्रा.लि.नं. १८७५५४/०७४/०७५** को **गुरु गोरखनाथ खाद्य एण्ड जडिबुटी उद्योग प्रा.लि.** को मिति २०८०/११/०५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**शहरी बिकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण बिभाग**
**सघन सहरी तथा भवन निर्माण आयोजना**
**झापा**

### बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

**(प्रकाशित मिति : २०८०-११-१०)**

यस कार्यालयबाट तपसिल बमोजिमको योजनाहरूको बोलपत्र आव्हान गरिएको सूचना बमोजिम E–GP मार्फ़त पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताहरूको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनका लागि बोलपत्र स्वीकृति गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| SN | CONTRACT ID | PROJECT NAME | LOWEST RESPONSIVE BIDDER | BID AMOUNT (WITHOUT VAT & WITH PS) |
|---|---|---|---|---|
| 1. | PUDBC/Jhapa/Work/NCB/61/80-81 | Construction of Park of mahabir Purwathar & Kirateswor shiv shalik & Bhagwan Budh partima,Phidim Municipality-01, Panchthar | Utsav Nirman Sewa, Panchthar | 2,205,290.47/- |
| 2. | PUDBC/Jhapa/Work/NCB/62/80-81 | Construction of Sirise Multipurpose community hall,Yangwarak Gaupalika-05, Panchthar | Bison-Naya Nepal J/V, Bhaktapur | 6,065,151.41/- |

**आयोजना प्रमुख**


## युएईमा रोजगार | कम्पनीः SAFIR PLUS VALET PARKING SERVICES LLC
शहर : UAE

पूर्व स्वीकृत मितिः २०८०/११/०९ चलानी नं.: ६०२१५२७१ LT. No.: 298967

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ticket Collector | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन १७ गते (29 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

## निलकमल ह्युमन रिसोर्स प्रा. लि.
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203

## युएईमा रोजगार | कम्पनी : BAYT AL NADHAFAH BLDG. CLEANING SERVICES
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०५/२२ चलानी नं.: ६०२०७३९२ LT. No.: 291967 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 40 | 0 | स. काममा दक्ष | 800 | २८,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० फागुन १७ गते (29 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**साथै यस कम्पनीको लागी Civil Security Guard को पनि माग भएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

## LIFE KEY OVERSEAS PVT. LTD
Gov. Lic No. 1431/074/075
Samakhushi, Kathmandu, Nepal. Tel : 01- 4951873
E-mail : sajhanepal6@gmail.com | info@lifekeyoverseas.com.np
Web : www.lifekeyoverseas.com.np

**यस मेनपावरको लागि** PRO -2 (M/F) & Documentation- 1 (M/F)
**आवश्यकता भएकोले २/३ बर्षको अनुभव भएकोले कार्यालयमा सम्पर्क गर्नुहोला ।**

## Qatar मा Guard हरुलाई रोजगारको अवसर

**१. कम्पनीः Al Sraiya Security Services, Doha, Qarar** पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०७९।०५।१० चलानी नं. ६०१८६१९२ LT.No. 270379

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 01 | - | काममा दक्ष | 1500 | ५४,४८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**२. कम्पनीः Al Sraiya Security Services, Doha, Qarar** पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०७९।०२।२३ चलानी नं. ६०१८०५०२ LT.No. 264445

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 01 | - | काममा दक्ष | 1500 | ५४,४८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोषको व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निःशुल्क |

**अन्तर्वार्ता २०८० फागुन १७ गते (29 Feb., 2024) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुढानगरमा सम्पर्क राख्नु होला ।

## रोयल ओभरसिज नेपाल प्रा. लि.
ROYAL OVERSEAS NEPAL
श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४४२११५६/४४३२२४४



मध्यान्ह
www.madhyanhadaily.com
१० फागुन २०८०, बिहीबार
22 February 2024, Thursday

## सम्पादकीय

### लाभकारी छलफल

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले पार्टीका नेता र संगठनको सुद्धिकरण अभियान थाल्ने तयारी गरेको छ । मंगलबारदेखि केन्द्रीय मूख्यालय च्यासलमा जारी केन्द्रीय कमिटी बैठकमा सुद्धिकरण अभियान थाल्ने जानकारी सहित केन्द्रीय सदस्यहरूसँग सुझाव मागिएको छ । केन्द्रीय सदस्यहरूले पनि नौ समूहमा विभाजित भएर छलफल मार्फत् पार्टी नेता, संगठन र राजनीतिक कार्यक्रमको सुद्धिकरणबारे आ–आफ्नो राय दिएका छन् । संकलित राय केन्द्रीय कमिटीको पूर्ण हलमा प्रस्तुत गर्ने र सचिवालयबाट सम्पादन सहित पार्टी कार्यक्रम बनाउने एमालेको तयारी छ । त्यो कार्यक्रमलाई एमालेले सुद्धिकरण अभियान–२०८१ ब्नाउँदैछ । पार्टी नेतृत्वको त्यस्तो तयारीलाई सहयोग पुग्नेगरी केन्द्रीय सदस्यहरूले संगठन, पार्टी नेता र राजनीतिक कार्यक्रमबारे सुझाव दिएका छन् ।

मुख्य समस्याका रूपमा भने भद्दा संगठन र नेताहरूमा देखिएको सांस्कृतिक विचलन सुद्धिकरण हुनुपर्ने सुझाव संकलन भएको छ । प्रमुख प्रतिपक्षीले थाल्न लागेको यो अभियानको उद्देश्य आगामी आमचुनाव–२०८४ लक्षित देखिन्छ । तर एमालेको यो अभियान मुलुककै निम्ति समेत महत्वपूर्ण छ । किनकि अहिले पार्टी संगठनहरूमा देखिएको अस्तव्यस्त र भीमकाय आकारले राज्य सञ्चालनमै समस्या सिर्जना गरेको छ । धेरै कार्यकर्ता भेला पारेर चुनाव जित्ने, चुनाव जित्न मनपरी जथाभावी र जुनसुकै तरिकाले आर्थिक संकलन गर्ने समस्याको मुख्य असर राज्य सञ्चालनमा परिरहेको छ । पैसा बुझाउने कार्यकर्ताको बोझले नेताहरू सुशासनमा चुकिरहेका छन् भने संविधानवादको सिद्धान्तमा आधारित सरकार बन्न सकिरहेको छैन । आफ्ना कार्यकर्ता जोगाउने नाममा भ्रष्टाचारलाई संस्थागत गर्ने र सामाजिक संस्थाहरूको बद्नाम गराउने संस्कृतिले प्रोत्साहन पाइरहेको छ ।

अझ एमालेले आफ्ना नेता–कार्यकर्ताहरूमा यौन विचलनको ठूलो समस्या देखिएकाले यसमा शून्य सहनशीलताको नीति लिने तयारी गरेको छ । यो प्रस्ताव आफैमा आजको आवश्यकता हो । किनकि यो समस्याबाट सामान्यतयाः महिला पीडित हुने गर्छन् । त्यसको असर दीर्घकालसम्म पर्ने हुन्छ । जबकी वर्तमान संविधानको भावना सामाजिक न्याय र विभेदरहित समाज हो । अर्कातिर आर्थिक र यौन विचलनमा परेका नेताहरूप्रति सामाजिक विश्वास कमजोर हुन्छ । विश्वास नभएको नेताहरूको पंक्तिबाट निर्मित पार्टीले सामाजिक न्यायको प्रत्याभूति दिलाउने विश्वास गर्न सकिदैन । तसर्थ अहिलेले थालेको यो अभियान मुलुककै एजेण्डा बन्न आवश्यक छ, राम्रो कामको सिके अरू दलहरूले पनि गर्नु मनासिव हुनेछ ।

## तपाईंको राशिफल

- मेष : सम्पत्तिमा वृद्धि हुनेछ । स्वास्थ्य गडबड हुने योग छ ।
- वृष : प्रियजनसँग भेट हुनेछ । आध्यात्मिक लाभ मिल्ने योग छ ।
- मिथुन : रूकावट समाप्त हुनेछन् । विदेश यात्राको योग छ ।
- कर्कट : नातागोताको सहयोग प्राप्त हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।
- सिंह : सामाजिक तथा राजकीय कार्यहरूमा वृद्धि हुनेछ ।
- कन्या : विरोधी सक्रिय रहन्छन्, तर असफल हुनेछन् । अनावश्यक खर्चको योग छ ।
- तुला : सामाजिक कार्यमा वृद्धि हुनेछ । नाता–गोतासँग भेटघाट हुनेछ ।
- वृश्चिक : नयाँ निवेशको योग छ । जल्दबाजी नगर्नु होला ।
- धनु : पैतृक सम्पत्ति प्राप्तिको योग छ । शान्तिमा वृद्धि हुने योग छ ।
- मकर : धर्मपालनामा रूची देखिन्छ । नयाँ सम्पर्क बढ्नेछ ।
- कुम्भ : अर्कामाथि भरोसा नगर्नुहोला । विरोधी सक्रिय रहनेछन् ।
- मीन : साथीभाइबीच सुमधुर सम्बन्ध रहनेछ । सबै कार्यमा धैर्य राख्नुपर्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# कूटनीति र राहदानी

*मुलुकको भूमि तुलनात्मकरूपमा सानो भए पनि कूटनीतिक अस्त्रलाई जति तिखार्‍यो त्यति नै विश्व जगतमा शक्तिशाली बन्ने हो र राहदानीको गरिमा पनि बढ्ने हो ।*

अग्रलेख



● टंककला तिमिल्सेना



विदेश यात्रा गर्दा आवश्यक पर्ने प्रमुख कागजात हो राहदानी (पासपोर्ट) । अझै यसलाई प्रष्ट बुझ्दा कुनै सार्वभौम मुलुकको सरकारले आफ्ना नागरिकलाई विदेश यात्रा गर्न वा यात्राका क्रममा बाहकलाई संरक्षण प्रदान गर्न निजको परिचयसहित जारी गरेको आधिकारिक कागजात हो राहदानी । राहदानीले बाहकको परिचय दिने हुँदा अन्तर्राष्ट्रिय यात्राका लागि अन्यथा व्यवस्था भएमा बाहेक राहदानी आवश्यक हुन्छ नै । नेपालको राहदानी ऐन, २०२४ अनुसार राहदानी भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरू तथा समय तोकी नेपाल सरकारबाट दिइने लिखत सम्झनुपर्छ ।

राहदानी नियमावलीअनुसार कुटनीतिक (रातो रंग), विशेष (निलो रंग) र साधारण (हरियो रंग) गरी तीन प्रकारका राहदानी प्रचलनमा छन् । यसका अतिरिक्त विभागले यात्रा अनुमति पत्र (कालो रंग) पनि जारी गर्छ । राहदानीको वर्गीकरणले यसभित्रको सार्मथ्य अर्थात् बलियोपनलाई दर्शाउछ । यसबाट के बुझ्न सकिन्छ भने राहदानी पनि कोही कमजोर र कोही अली बढी शक्तिशाली हुन्छन् ।

अहिले बहसको विषय हो– समग्रमा विश्व समुदायमा नेपाली राहदानीको शक्ति कति ? अर्थात् नेपालको राहदानी कति बलियो छ ? 'द हेन्ली पासपोर्ट इन्डेक्स'ले गरेको २०२४ को ताजा सर्वेक्षणलाई आधार मान्दा नेपालको राहदानी विश्व समुदायमा कमजोर कहलिएको छ । विभिन्न आधारमा तयार पारिएको २०२४ को ताजा प्रतिवेदनले के देखाएको छ भने विश्वका शक्तिशाली पासपोर्ट (राहदानी)हरूको सूचीमा नेपाल १०३ औं स्थानमा परेको छ । यो स्थानको विशेष आधार भनेको सबैभन्दा बढी मुलुकमा पाउने अन एराइभल भिसाको मूल्यांकन हो । 'द हेन्ली पासपोर्ट इन्डेक्स' प्रतिवेदनअनुसार हाल १०३ औं स्थानमा रहेको नेपालको पासपोर्टमा ४० वटा मुलुकमा मात्रै अनरआइभल भिसा पाउने व्यवस्थालाई महत्वका साथ स्थान दिइएको छ । 'द हेन्ली पासपोर्ट इन्डेक्स' प्रतिवेदनको सूचीमा सबैभन्दा शक्तिशाली पासपोर्टको पहिलो स्थानमा फ्रान्स, जर्मनी, इटाली, जापान, सिंगापुर र स्पेनको नाम छ । ती सबै देशका पासपोर्ट बाहकले १९४ मुलुकमा अनअराइभल भिसा पाउँछन् ।

हुनत, यस अध्ययनले पार्सपोर्ट बलियो मान्ने समग्र आधारमाथि अध्ययन गरेको छैन । यसमा राजनीतिक र कूटनीति अध्ययनको पाटो नसमेटिएको हुनाले पनि यही नै सम्पूर्ण हो भन्न मिल्दैन तर, विश्व समुदायमा नेपाल कति शक्तिशाली छ भन्ने विश्लेषण हुँदै गर्दा यस अध्ययनले प्रभाव भने राख्छ ।

### नेपाली राहदानी बाहकको विदेश अवस्था

अध्यागमन विभागको तथ्यांकअनुसार नेपालबाट पछिल्लो एक वर्षमा ७० हजार नौ सय १५ जना नेपाली स्थायी बसोबासका लागि विदेश गएका छन् । यो संख्या सन् २०२३ मा नेपालबाट स्थायी बसोबास गर्नका लागि विदेश जाने नेपालीको हो । तथ्यांकलाई हेर्दा, नेपाली राहदानीको प्रयोग गरी सन् २०२३ मा १६ लाख तीन हजार आठ सय ३८ जना विदेशीए । पछिल्लो एक वर्षमा विदेश गएकामध्ये तीन लाख ४० हजार तीन सय ६९ जना नेपाली विदेशमा नै बसेको देखिएको छ । यस अवधिमा अध्ययनको कारण देखाएर एक लाख आठ हजार पाँच सय ४२ जना, अस्थायी बसोबास भिसामा ९२ हजार तीन सय ४९, स्थायी बसोबास भिसामा ७० हजार नौ सय १५ जना र विवाह गरेर डिपेन्डेण्ट भिसामा २० हजार छ सय १३ जना नेपाली विदेश गएका छन् ।

पछिल्लो वर्षमा दुई लाख ९२ हजार दुई सय ४० नेपाली कुनै न कुनै रूपमा विदेश बस्नेगरी गएको विभागको आँकडा छ । यो तथ्यांकमा भारतको बाटो भएर तेस्रो देशमा गएका नागरिकहरूको संख्या समावेश छैन । नेपालको जनगणना २०७८ अनुसार नेपालका १५ लाख ५५ हजार नौ सय ६१ घरपरिवारका व्यक्ति विदेशमा छन् । विदेश बस्नेको जनसंख्या २१ लाख ९० हजार पाँच सय ९२ छ । सबैभन्दा धेरै वैदेशिक रोजगारीमा जाने प्रदेश लुम्बिनी देखिएको छ । यहाँका तीन लाख आठ हजार ७३ घरपरिवारका चार लाख २० हजार नौ सय छ जना विदेशमा छन् । यस हिसाबमा लुम्बिनी प्रदेशका १९ प्रतिशत नागरिक विदेशमा छन् ।

वैदेशिक रोजगारी विपन्न र बेरोजगार युवाका लागि रहर मात्र नभई बाध्यता नै बनिरहेको देखिन्छ । त्यसैले पनि देशमा जीविकोपार्जन हुनेगरी

*राजनीतिक अस्थिरताले परराष्ट्र नीतिमा खरो उत्रन नसकेको अवस्थाले अन्तर्राष्ट्रिय छविलाई कमजोर सावित गर्ने बाटोतर्फ मुलुक धकेलिरहेको देखिन्छ । अझै भ्रष्टाचार र अवैध सम्पत्तिको थुप्रँदो अवस्था छ । सम्पत्ति शुद्धीकरणको विषय झनै जबरजस्तरूपमा सतहमा छन् ।*

रोजगारी नपाउँदा दैनिक गर्जो टार्नकै लागि जोखिमपूर्ण वैदेशिक रोजगारीमा होमिनेको संख्या कम छैन । धेरै कमाउने लोभमा हजारौं नेपाली युवाहरू युद्धग्रस्त क्षेत्रमा समेत होमिएका छन् । पछिल्लो समय रूसी सेनामा भर्ती भएका नेपाली युवाका दर्दनाक कथा व्यथा सार्वजनिक भइरहेका छन् । तर, पनि रोकिएको छैन विदेश यात्रा ।

पछिल्ला वर्षहरूमा यूरोपियन मुलुकमा नेपालीको गन्तव्य बढ्दो क्रममा छ । यहाँबाट श्रमका लागि भन्दै युरोप जानेहरू हजारौं छन् । तर, यहाँबाट एक मुलुकका लागि भिसा लगाउने र युरोप क्षेत्र पुगेको केही महिनामै त्यहाँका अन्य मुलुकमा लुक्ने प्रवृति बढ्दो छ । साथै, युरोपमा शरणार्थी बनेर त्यहाँको नागरिक बन्ने प्रवृति उच्च गतिमा बढेको छ । यसले नेपालको छवि अन्तर्राष्ट्रिय जगतमा कमजोर बनाइरहेको छ । जसको चंगुलमा नेपालको राहदानी परिरहेको छ । केही हप्ता अघि मात्रै परराष्ट्र मन्त्रालयले समेत युरोपमा नेपालीको हरकतले साँच्चै काम परेर युरोप जाने चाहानेलाई अप्ठ्यारोमा पार्नेतर्फ सचेत गराउँदै श्रम मन्त्रालयलाई सुझाव दिएको थियो ।

परराष्ट्रका अधिकारीहरूका अनुसार युरोपमा नेपालीहरू लुकेर बस्ने, शरणार्थी बन्ने प्रवृति उच्च हुँदै गएको छ । युरोप मात्रै होइन अमेरिका, बेलायत, अष्ट्रेलिया, क्यानडालगायतका मुलुकमा पनि एक प्रयोजनका लागि प्रवेश अनुमति लिने तर, अन्य बाटो खोजेर उतै लुकेर बस्ने प्रवृति हाबी छ नेपालीहरूमा । आप्रवासी प्रति कठोर कानूनहरू अख्तियार गर्दै आइरहेका यी मुलुकले नेपालीहरूको यो प्रवृतिलाई राम्रोसँग बुझेका छन् । तर, शक्ति सन्तुलनताका लागि केही लचकता देखाएका मात्र हुन् भन्ने नेपालीले बुझ्न आवश्यक छ । यस्ता प्रवृति मूल्यांकन गर्दै नेपालको राहदानीलाई कम प्रथमिकता दिइरहेको वर्तमान अवस्था छ । यसलाई सुधारमा राज्यबाटै नीतिगत र व्यवहारिक पक्षको व्यवस्थापन आवश्यक छ ।

### अन्तर्राष्ट्रिय छवि र राहदानी मूल्यांकन

नेपालको अन्तर्राष्ट्रिय छवि निकै कमजोर बन्ने खतरा छ भनि विभिन्न समयमा चासो र चर्चा हुने गर्छ । विशेषत, प्रमुखरूपमा चलायमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग गरी भइरहेका बढ्दो आपराधिक क्रियाकलापका घटना बाहिरिएका समय अन्तर्राष्ट्रिय छवि कमजोर बनिरहेको छ भनि आवाज उठ्ने गर्छन् । क्वीन्टलका क्वीन्टल सुन अवैधरूपमा भित्रिने, लागुपदार्थ बेचबिखनको धन्दा हुँदासमेत विमानस्थलकै प्रयोग गरिएका घटना, राजनीतिक अस्थिरताले परराष्ट्र नीतिमा खरो उत्रन नसकेको अवस्थाले अन्तर्राष्ट्रिय छविलाई कमजोर सावित गर्ने बाटोतर्फ धकेलिरहेको देखिन्छ । अझै भ्रष्टाचार र अवैध सम्पत्तिको थुप्रदो अवस्था छ । सम्पत्ति शुद्धीकरणको विषय झनै जबरजस्तरूपमा सतहमा छन् ।

### कूटनीति कमजोरी


कूटनीति एउटा यस्तो हतियार हो, जसले आफूले प्राप्त गर्न चाहेको कुरा अन्य देशबाट सजिलै पाउन सक्छ । तर, यसका लागि कूटनीतिक धरातल र अभ्यास बलियो हुनुपर्छ । पछिल्ला वर्षमा नेपालले कूटनीतिक अभ्यासमा एकपछि अर्को कमजोरी गर्दै गएको भन्दै विज्ञहरूले टिप्पणी गर्दै आएका छन् । कूटनीतिक अभ्यास केवल अन्तर्राष्ट्रिय क्षेत्रसँगको सम्बन्धमा मात्र सीमित हुँदैन भन्ने तथ्य सायद नेपाली राजनीतिज्ञ र कूटनीतिज्ञ एवम् अन्य सरोकारवालाले बेमतलब गर्दै आएका छन् । कूटनीतिले मुलुकको नेतृत्वमा रहेको परिपक्वतालाई समेत दर्शाउँछ । कूटनीति नेता र सरकार विशेषको हुँदैन । यो त घरेलु नीतिको विस्तार हो । घरभित्रको अवस्था जे–जस्तो होस् मुलुकको हितका निम्ति अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यकताअनुसारको कूटनीतिक अस्त्र सन्तुलित गर्नैपर्छ ।

वर्तमान अवस्थामा कूटनीति कमजोर हुनुको प्रमुख कारणका रूपमा देखिएको छ–एकरूपतामा अभाव । सबै दलले कूटनीतिक एकरूपतालाई साझा विषय बनाउन सकेका छैनन् । प्रत्येक दलका आ–आफ्ना स्वार्थ छन्, जो दलीय चरित्र पनि हो र यसलाई स्वभाविक मानिन्छ । तर, अन्तर्राष्ट्रिय क्षेत्रसँग व्यवहार गर्दा सबैको धारणा समान हुनैपर्छ । विश्व शक्ति राष्ट्रका रूपमा कहलिएका मुलुकहरूलाई हेर्दा, उनीहरूको कूटनीतिमा जहिल्यै एकरूपता देखिन्छ । सरकार परिवर्तन हुन्छ यी मुलुकहरूमा पनि तर, पूर्ववर्ती सरकारले लिएको अन्तर्राष्ट्रिय कूटनीतिक बाटोमा मर्म मारेर फरकपन देखिन्न ।

नेतामा हुनुपर्ने प्रमुखमध्येको एक गुण हो–भीडबाट निर्देशित नहुनु र भीडलाई आफूले दिएको धारणाका आधारमा मार्गदर्शन गर्न सक्षम हुनु । तर, नेपालमा सूचनाको तथ्यलाई परिमार्जन गरी सोअनुसार बुझेर उग्रता मच्चाउने भीडले भनेको कुराकै पछि लागेर बोली फेर्ने प्रवृति नेताहरूमा छ । नेताहरू आफूले गरेका सन्धी, सम्झौता र समझदारीको कार्यान्वयनमा प्रतिबद्ध देखिन्न् । कि त समझदारी गर्नु पूर्व नै पर्याप्त विचार पुर्‍याउनु पर्छ । एउटा सरकारले एक सम्झौता गर्ने अर्को सरकारले फरक मत राख्ने यस्तो प्रवृतिले पनि नेपालको अन्तर्राष्ट्रिय छविलाई मैलो बनाउँदै लैजाने हुन्छ । यी सबैको प्रभाव नेपाली राहदानीमा पर्ने गरेको छ । हाम्रो राहदानी नै कमजोर बनिरहेको छ । सोही कारण नेपाली नागरिकले विदेश भिसा लगाउन अनेकौ दुःख भोग्नु परिरहेको छ । त्यसैले मुलुकको भूमि तुलनात्मकरूपमा सानो भए पनि कूटनीतिक अस्त्रलाई जति तिखार्‍यो त्यति नै विश्व जगतमा शक्तिशाली बन्ने हो र राहदानीको गरिमा पनि बढ्ने हो । पञ्चशीलका सिद्धान्त, असंलग्नता, संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिका मापदण्डहरूले अन्तर्राष्ट्रिय मञ्चमा हाम्रो परराष्ट्र नीतिले मार्गदर्शन गर्ने कुरामा ध्यान दिनु नै पहिलो दायित्वको रूपमा लिन आवश्यक छ । सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको रक्षा हरेक सरकारको सर्वोच्च प्राथमिकता र दायित्व बन्न आवश्यक छ ।

# आत्मनिर्भर अर्थतन्त्रको सवाल र फलफूल खेती

विचार



● के.बी. बस्नेत

*नेपाल सरकारले स्वदेशमै फलफूल उत्पादन गरी आत्मनिर्भर हुन यहाँका विभिन्न ठाउँमा हावापानीका आधारमा जोन, सुपरजोन र पकेट क्षेत्र बनाएको छ । तर हालसम्म पनि यहाँ मागअनुरूप फलफूलको उत्पादन बढाउन सकिएको छैन । बरू यहाँ प्रत्येक वर्ष झण्डै १० प्रतिशत फलफूलको आयात बढ्नाले व्यापार घाटा बढाउन सघाउ पुगेको छ ।*

नेपालको कुल गार्हस्थ्य उत्पादनमा झन्डै एकतिहाई योगदान पुर्‍याउँदै आएको कृषि क्षेत्र हाल ओरालो लागेर एक चौथाइमा सीमित भएको छ । केही वर्षयता यहाँका कृषि उत्पादन घट्दो क्रममा रहेकाले विभिन्न किसिमका कृषि उपजहरू आवश्यकताअनुसार अन्य देशहरूबाट निरन्तररूपले आयात गर्न थालिएको छ । जसमध्ये फलफूल पनि एक हो । सरकारका कमजोरी एवम् अन्य कारणहरूले गर्दा नेपालमा फलफूल खेती फस्टाउन सकेको छैन । त्यसैले यहाँ प्रत्येक वर्ष भारत र चीनलगायत अन्य देशहरूबाट पनि विभिन्न किसिमका फलफूल प्रचुर मात्रामा आयात गरिन्छ । कम उत्पादन भएकै कारण यहाँ फलफूल आयातको लागि मात्र प्रत्येक वर्ष अन्दाजी २० अर्ब रूपैयाँ खर्च गर्नुपरेको छ ।

वस्तुतः आजसम्म पनि नेपाल कुनै पनि किसिमको फलफूलको लागि आत्मनिर्भर बन्न सकेको छैन । तसर्थ, यहाँ विभिन्न किसिमका फलफूलको आयात दिन प्रतिदिन बढिरहेको छ । यहाँ प्रत्येक वर्ष आयात गरिने फलफूलहरूमध्ये केरा, स्याउ, मौसम र सुन्तला प्रमुख छन्, जसको आयात निरन्तर रूपले बढिरहेको छ । यहाँ केरा खेती धेरैजसो जिल्लामा गरिए पनि स्वदेशी केराले यहाँको कुल मागको ३० प्रतिशत मात्र परिपूर्ति हुन्छ । बाँकी ७० प्रतिशत केराको माग परिपूर्तिका लागि खास गरी छिमेकी राष्ट्र भारतको निर्भर हुनुपरेको छ ।

यहाँका हिमाली जिल्लाहरूमा स्याउको उत्पादन प्रशस्त हुन्छ । तर, ढुवानीको कठिनाइले गर्दा यहाँको स्वदेशी स्याउबाट सम्पूर्ण मागको केवल १० प्रतिशत मात्र परिपूर्ति हुन्छ । बाँकी ७० प्रतिशत चीनबाट र २० प्रतिशत भारतबाट परिपूर्ति हुन्छ ।

यहाँको मौसमको मागको सन्दर्भमा १५ प्रतिशत स्वदेशबाट परिपूर्ति हुन्छ भने ७० प्रतिशत भारतबाट र बाँकी १५ प्रतिशत अन्य देशहरूबाट परिपूर्ति हुन्छ । यसैगरी स्वदेशी सुन्तलाबाट यहाँको ५० प्रतिशत माग पुर्ति हुन्छ भने बाँकी ५० प्रतिशत भारतबाट आयात गरिन्छ । केही वर्षयता सुन्तला खेती प्रवर्द्धन गर्न निकै प्रयास भए पनि आयात घट्न सकेको छैन । दशैं र तिहारमा नेपालमा फलफूलको खपत झण्डै तीन गुणा बढ्ने कुरा एक आधिकारिक तथ्यांकले पुष्टि गरेको छ । उक्त चाडपर्वमा यहाँ फलफूलको खपत अरू बेलाको भन्दा तीन गुणाले वृद्धि हुन्छ भने आयात पनि तीन गुणाले बढ्छ ।

नेपाल फलफूल तथा तरकारी व्यवसाय महासंघका अनुसार यहाँ अन्य दिनहरूमा दैनिक अन्दाजी चारदेखि पाँच करोड मूल्य बराबरको फलफूल आयात गरिन्छ भने दशैं र तिहारमा चीन र भारतबाट मात्र दैनिक नौ करोड मूल्य बराबरको विभिन्न फलफूल आयात गरिन्छ । उक्त समयमा उपभोक्ताहरूको माग परिपूर्ति गर्न कठिन हुने कुरा उक्त महासंघले जनाएको छ ।

नेपाललाई १० मुख्य फलफूलमा आत्मनिर्भर बनाउने उद्देश्यले आर्थिक वर्ष २०७३/७४ मा सञ्चालन गरिएको फलफूल आत्मनिर्भर दशक कार्यक्रम आफ्नो लक्ष्य प्राप्तिमा सफल देखिँदैन । किनभने उक्त कार्यक्रम सञ्चालन गरिएको सात वर्ष बितिसक्दा पनि नेपाल केही फलफूलमा आत्मनिर्भर हुनु त परै जाओस् झन् परनिर्भर भएको कुरा सर्वविदितै छ । भन्सार विभागको तथ्यांकअनुसार नेपालमा आर्थिक वर्ष २०७६/७७ यता विभिन्न किसिमका फलफूलको तीव्ररूपले बढेको देखिन्छ । जसलाई यहाँ प्राप्त तथ्यांकले पुष्टि गर्छ । आर्थिक वर्ष २०७३/०७४ मा यहाँ एक लाख ९७ हजार ४५१ मेट्रिक टन फलफूल आयात गरिएको थियो । आर्थिक वर्ष २०७४/०७५ मा यहाँ चार लाख १८ हजार मेट्रिक टन, आर्थिक वर्ष २०७५/०७६ मा तीन लाख ८३ हजार ३५० मेट्रिक टन र आर्थिक वर्ष ०७६/०७७ मा दुई लाख ८० हजार ४७१ मेट्रिक टन फलफूल भित्रिएको थियो ।

यसैगरी, २०७७/०७८ मा दुई लाख ९९ हजार ४६९ मेट्रिक टन फलफूल भित्रिँदा आर्थिक वर्ष २०७८/०७९ मा तीन लाख ३१ हजार ६१० मेट्रिक टन फलफूल यहाँ आयात गरिएको थियो । वास्तवमा यहाँ फलफूल उत्पादन वृद्धि गर्ने नीति अपनाइए पनि कार्यान्वयन प्रभावकारी हुन नसकेकोले आशा गरेअनुरूप सफलता प्राप्त गर्न सकिएन । फलस्वरूप, यहाँ फलफूलको आयात तीव्ररूपले बढिरहेको छ ।

नेपाल सरकारले स्वदेशमै फलफूल उत्पादन गरी आत्मनिर्भर हुन यहाँका विभिन्न ठाउँमा हावापानीका आधारमा जोन, सुपरजोन र पकेट क्षेत्र बनाएको छ । तर, हालसम्म पनि यहाँ मागअनुरूप फलफूलको उत्पादन बढाउन सकिएको छैन । बरू यहाँ प्रत्येक वर्ष झन्डै १० प्रतिशत फलफूलको आयात बढ्नाले व्यापार घाटा बढाउन सघाउ पुगेको छ । जसले गर्दा यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ । केही वर्षयता नेपालको निर्यात व्यापार सन्तोषजनक किसिमबाट बढ्न सकेको छैन भने आयात तीव्ररूपले बढिरहेको छ । परिणामतः यहाँको व्यापार घाटा बढेर अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ ।

यथार्थतः नेपाल विश्व व्यापार संगठनको सदस्य, सार्कको साफ्टा र बिमस्टेक जस्ता क्षेत्रीय संगठनमा संलग्न भए तापनि यसले निर्यात व्यापारको उपयुक्त पहुँच पहिल्याउन आजसम्म पनि सकेको छैन । विश्वमा यसले केही देशहरूसँग द्विपक्षीय व्यापार सम्झौता गरे तापनि यहाँको निर्यातमा हालसम्म पनि आशा गरेअनुरूप सफलता हासिल गर्न भने सकिएको छैन । यहाँको निर्यात अभिवृद्धि गर्न तत्कालीन सरकारले २८ निर्यातयोग्य वस्तु पहिचान गरेको थियो । तर, यसलाई व्यवहारमा लागू गर्न नसक्दा यहाँको निर्यातमा हालसम्म पनि सुधार गर्न सकिएको छैन । वस्तुतः यहाँका उपयुक्त ठाउँमा फलफूल खेती विस्तार गर्न सके भविष्यमा फलफूलको लागि मात्र आत्मनिर्भर नभई निर्यात प्रवर्द्धनमा पनि सघाउ पुग्नेछ । तर, यसको लागि सरकार, गैरसरकार र सरोकारवालाहरूको सक्रिय सहयोगको आवश्यकता छ ।

नेपाल व्यापार एकीकरण रणनीतिमा यहाँका निर्यातयोग्य वस्तुहरूको सूचीमा धेरैजसो कृषिजन्य नै छन् । तर, सरकारले यी वस्तुहरूको उत्पादनको लागि यथोचित ध्यान नदिनाले यहाँ मागअनुरूप फलफूलको उत्पादन बढ्न सकेको छैन । केही वर्षयता यहाँ फलफूललगायत सबैजसो कृषिजन्य वस्तुहरूको आयात बढ्न थालेपछि सरकारले विद्यमान कृषि प्रणालीलाई आधुनिकीकरण एवम् व्यवसायीकरण गरी आगामी पाँच वर्षभित्र अधिकतम कृषि उत्पादन बढाउने योजना बनाएको छ । तर, यसलाई व्यवहारमा उर्तान सरकार, गैर–सरकार र सरोकारवालाहरू कटिबद्ध हुनुपरेको छ ।

फलफूल खेतीलाई लाभदायक बनाउन विभिन्न किसिमका उन्नत जातका बोटबिरूवाहरू उपयुक्त दुरीमा रोप्नुपर्छ । यिनीहरूलाई हुर्काउन सुरूदेखि नै नियमित सिंचाइ गर्नुपर्ने भएकोले एकतर्फ जल व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक छ भने अर्कोतर्फ हुर्केपछि काटछाँट गर्ने काम उपयुक्त समयमा गर्न उत्तिकै जरूरी छ । फलफूल खेतीबाट अधिकतम फाइदा लिन माटो मलिलो एवम् उर्वर हुनुपर्छ । योबाहेक एकीकृत पोषणको व्यवस्था गर्नुपर्छ । यसका लागि माटोको परीक्षण गरेर फलफूलका बोटबिरूवाहरूलाई आवश्यक तत्वहरू मलको रूपमा प्रयोग गर्नुपर्छ । वस्तुतः व्यावसायिक फलफूल खेती गर्न सके प्रशस्त आयआर्जन गर्न सकिन्छ । तसर्थ इच्छुक किसानहरूलाई व्यावसायिक फलफूल खेती गर्ने तरिका, आवश्यक मात्रामा मल तथा कीटनाशक औषधी प्रयोग गर्ने तौरतरिका, भण्डारण गर्ने तरिका आदिको बारेमा आवश्यकताअनुसार तालिम प्रदान गर्नुपर्छ ।

धेरैजसो फलफूलहरू टिपेको थोरै दिनमै कुहिन थाल्छन् । यस्तो नोक्सान हुन नदिन उपयुक्त ठाउँहरूमा चिस्यान केन्द्रहरू स्थापना गर्न उचित हुन्छ । यसो गर्न सकेमा किसानहरूले आफ्नो अनुकूल समयमा विभिन्न किसिमका फलफूल बेचेर मनग्य आम्दानी गर्न सक्छन् । फलफूल उत्पादन गरेर मात्र आयआर्जन गर्न सकिँदैन । यसको लागि किसान तथा सरोकारवालाहरूले उपयुक्त किसिमबाट बजार व्यवस्थापन गर्न सक्नुपर्छ ।

# सर्लाहीमा ट्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ९ फागुन

सर्लाहीमा ट्याक्टर पल्टिँदा किचिएर चालकसहित २ जनाको मृत्यु भएको छ भने ७ जना घाइते भएका छन् । मृत्यु हुनेमा ट्याक्टर चालक रौतहटको गढीमाइ नगरपालिका-९ मलाही टोल बस्ने ५५ वर्षीय जयलाल सहनी र सोही टोल बस्ने रामनाथ सहनी रहेका छन् । दुर्घटनामा ३ जना भने गम्भीर घाइते भएका छन् ।

रौतहटबाट आलु खन्न सर्लाहीतर्फ आउँदै गरेको १४ जना सवार ना १ त २१९७ नम्बर प्लेटको ट्याक्टर अनियन्त्रित भइ बरहथवा नगरपालिका-१५ स्थित बागमती नदीको बाँधबाट नहरमा पल्टिँदा दुर्घटना भएको हुन सक्ने प्रहरीको अनुमान छ ।



घाइतेमध्ये १ जना सामान्य उपचारपछि निको भएको र ३ जनालाई थप उपचारका लागि वीरगञ्ज रिफर गरिएको प्रहरीले जनाएको छ । ६७ वर्षीय राम प्रसाद सहनी उपचारपश्चात डिस्चार्ज भएका हुन् । यस्तै गम्भीर धाइते भएका १७ वर्षीय आकाश सहनी, ७ वर्षीय किसन सहनीसहित ३ लाई प्राथमिक उपचारपश्चात थप उपचारका लागि वीरगञ्ज रिफर गरिएको प्रहरीले जनाएको छ ।

यस्तै अन्य घाइतेहरुमा ४८ वर्षीया गन्धी देवी, ४५ वर्षीया सुखली देवी, १८ वर्षीय नितेश सहनी र १६ वर्षीया अञ्चला कुमारी सहनीको प्रादेशिक अस्पताल गौरमा उपचार भइरहेको छ ।


## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतको आशय पत्र सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८०/११/१० गते**

यस कार्यालयबाट ठेक्का नं. KRM–NCB–W–11–2080/081, मिति २०८०।१०।०५ गते प्रकाशित सूचना र ठेक्का नं. KRM–NCB–W–12–2080/081, मिति २०८०।१०।०५ गते प्रकाशित सूचना अनुसार ई-विडबाट दर्ता हुन आएको बोलपत्रहरुको प्राविधिक तथा आर्थिक मुल्याङ्कन हुदाँ तपसिल वोलपत्रदाताको न्यूनतम मुल्याङ्कित सारभुत प्रभावग्राही रहेकोले उक्त बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको ३ को प्रयोजनार्थ सम्बन्धी सवैमा जानकारीको लागि बोलपत्र स्वीकृत गर्न ७ दिने आशयपत्रको सूचना जारी गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृतको लागि छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | कवोल अंक रु (भ्याट र विमा बाहेक) | कैफियत |
|---|---|---|---|---|
| KRM-NCB-W-12-2080/081 | Ward no. 2 ko barule dehi ward no. 1 ko milanchok samma motar bato Upgrading Works | Kistal Nirman Sewa, Sharada Municipality salyan | ९,२०,९४६.८६ | प्रथम पटक प्रकाशन |
| KRM-NCB-W-11-2080/081 | Janta Ma Bi School Building Construction Work | Gopal Nirman Sewa Kumakh 1, Salyan. | २६,८७,२६४ | प्रथम पटक प्रकाशन |

**छविलाल खड्का**
**नि.प्रमुख प्रशासकीय अधिकृत**



## Lamkichuha Mnicipality
## Office of Municipal Executive
**Bhalka, Kailali**
**Sudurpaschim Province, Nepal**

### Invitation for Online Bids

**Date of publication: 2080/11/10**

1. Lamkichuha Municipality, Bhalka, Kailali invites electronic bids under e-procurement system from eligible *bidder for the following construction work as shown in table below:*

| S.N. | Contract Package ID | Description of Works | BID Security Amount | Price of BID Document NRS (Non Refundable) | Estimated Amount RS. (Excluding VAT &Contingencies) |
|---|---|---|---|---|---|
| 1 | 15/LCM/W/2080/081 | Ward 8 Malbanga tol dekhi toripur bato & ward no 10 tighri jane bato marmat tatha sambhar | 117153.25 | 3000.00 | 3905108.50 |
| 2 | 16/LCM/W/2080/081 | Ward no.2 nabaraj timilsena ghar ko bato & ward no.4 chakra shahi ghar ko najik bato marmat tatha sambhar | 117157.74 | 3000.00 | 3905258.29 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Lamkichuha Municipality, Kailali or may visit PPMO website www.bolpatra.gov.np/egp.Tel:091-419046 and email address of employer: lamkicm@gmail.com
3. A complete set of Bidding Documents may download fore-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Municipality as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Rastriya Banijya Bank, Lamki,Kailali**
   Name of Office: **Lamkichuha Municipality, Kailali**
   Office Account no.: **4450100301010002** LAMKI CHUHA NA.PA.(GA-1-1)-AANTARIK Rajaswa (revenue)
4. Electronic bids must be submitted through e-procurement portal http://www.bolpatra.gov.np/egp before **2080/12/11 at 12:00 hours** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representativeswho choose to attend at **2080/12/11 at 14:00 hours** at the office of Lamkichuha Municipality, Kailali. Bids must be validfor a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e- bid, amounting to be mention above in table, which shallbevalidfor30daysbeyondthe validityperiodofthebid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction of various Construction work mentioned above municipality reserves right to amend, Correct at any time. Such amendment and correction shall be published in the national dailynewspaper, noticeboard of the Lamkichuha Municipality,Bhalka,Kailali.
9. Any intimidation, collusion and car telling during bidding process shall be punishable by law.
10. If the last date of purchasing and /or submission falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, हरिवन शाखाको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८०/११/१० गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| |
|---|
| **ऋणीको नाम, थर र ठेगाना :** |
| त्रिवेणी पासवानको नाती, रामवालक पासवानको छोरा, सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स/न.पा वडा नं. १ बस्ने ओमप्रकाश पासवान । |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** |
| राम वृक्ष पासवानको छोरी, ओमप्रकास पासवानको श्रीमती, सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स/न.पा वडा नं. १ बस्ने किरण कुमारी । |
| **धितो सुरक्षणको विवरण :** |
| ओमप्रकाश पासवानको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, नेत्रगंज गा.वि.स/न.पा वडा नं. २ को कित्ता नं. ७२० को ०-०-१४१/२ (वि-क-धु) क्षेत्रफल रहेको घर, जग्गा र सो घर, जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



**कर्णाली प्रदेश सरकार**
## उघोग, पर्यटन, वन तथा वाताबरण मन्त्रालय
## प्रदेश वन निर्देशनालय
## डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

### काठ लिलाम बिक्रीको सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति २०८०/११/१०**

यस कार्यालयबाट वन कसुर सम्बन्धी मुद्दामा जफत र बरामद भएका तथा बेवारिसे अवस्थामा फेला परी हकदावी नपुगेका तपशिलमा उल्लेखित जात र परिमाणका काठ लिलाम प्रक्रियाद्वारा बिक्री बितरण गर्नु पर्ने भएकोले उक्त काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ती/फर्म/संस्था तथा काठ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपुर्वकको बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**तपसिल**

| सि नं. | लट नं. | काठको विवरण | | | | | | सूचना प्रकाशन पटक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जात | थान | किसिम | आयतन चिरानी (क्युफिट) | गोलियामा परिणत गर्दाको (क्युफिट) | घाटट्टी स्थान | | |
| १ | १ | साल | ३० | चिरानी | २८.२८ | ३९.५९ | डि.व.का. | प्रथम | मुद्दा |
| २ | २ | सल्लो | २९ | गोलिया | – | २३३.५९ | चौफा सव-डि.व.का. | प्रथम | मुद्दा |
| | | सादन | १ | गोलिया | – | ४.५५ | | | |
| | | खनायो | १ | गोलिया | – | १.४१ | | | |
| ३ | ३ | उत्तिस | २३ | चिरानी | ८१.७२ | ११४.४१ | डि.व.का | प्रथम | बेवारिसे |
| | | पाङ्गर | २५ | चिरानी | ३५.५५ | ४९.७७ | | | |

**थप जानकारीको लागि**
**डिभिजन वन कार्यालय रुकुम (पश्चिम)**
**सम्पर्क नम्बरः ०८८-५३०३४९**



## साउदीमा रोजगार
कम्पनी : DRY PORT SERVICES COMPANY LIMITED
शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०८०/११/०९ चलानी नं.: ६०२१५२५० L.T. No.:300359

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | ३७,०८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Wooden Carpenter | 2 | 0 | | 1200 | ४२,३८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० फागुन १७ गते ( 29 February 2024) मा हुनेछ ।

यसै कम्पनिको लागि Truck Driver, Auto Electrician, Ac Technician, Sr Technician, Operation Executive,, Desk And Documentation, Gate Assistants Data Entry, Reefer Assistant, Rs Operator, Sco Operators, Container Surveyor, Estimator, Dec Store Assistant, Tireman को पनि आवश्यक भएको हुनाले ईच्छुक व्यक्तिले सर्म्पक गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुलक |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Asiapower Recruitment Consultants Pvt. Ltd.**
Budhanilkantha-09, Kathmandu, Nepal.
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com
Govt Lic No. 1198/073/074



## Saudi मा रोजगार
Jawharat Al-Modon Cporation For Operation And Maintenance

पुर्व स्वीकृती मितिः २०८०/११/०९ चलानी नं.: ६०२१५२६२ LT No. : 300275

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agricultural Equipment Mechanical Technician | 01 | काममा दक्ष | 2200 | ७७,७२४।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- |

अन्तरवार्ता २०८० फागुन १७ गते ( 29 Feb., 2024) यस प्रा. लि. को कार्यालय मिनभवन हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला ।

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम ईजाजत नं.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८०३७७४४३६, ९८६००८७७२९

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० फागुन २०८०, बिहीबार
22 February 2024, Thursday

# स्थानीय तह कार्यसम्पादन मूल्यांकनमा सन्धिखर्क नगरपालिका नेपालमै प्रथम

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ फागुन

स्थानीय तह कार्यसम्पादन मूल्यांकनमा अर्घाखाँचीको सन्धिखर्क नगरपालिका नेपालमै प्रथम भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्यांकन कार्यविधि २०७८ को दफा ७ को अधिनमा रही प्रदेश तथा स्थानीय तहका लागि निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्यांकन गरी प्रकाशित मूल्यांकनको नतिजामा सन्धिखर्क नगरपालिका देशकै प्रथम स्थानीय तह हुन सफल भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए ।



कार्यसम्पादन मूल्यांकन कार्यविधि २०७८ बमोजिम गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगर सभामा पेश गरे/नगरेको, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको, स्थानीय तहले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिकरुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको, स्थानीय तहले आगामी आ.व.का लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण चालु आ. व.को पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/नगरेको, स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेकोजस्ता सूचकहरु रहेका थिए। देशभरका ७५३ तहको मूल्यांकन गर्ने व्यवस्था रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुसालले जानकारी दिए ।

भुसालका अनुसार कूल १७ वटा सूचक रहेकोमा ३ वटा सूचक मूल्यांकनमा समावेश नगरी १४ वटा सूचकको कूल ७६ अंकको नतिजा प्रकाशित हुँदा सन्धिखर्क नगरपालिका ६१.८१ अंक ल्याइ नेपालकै प्रथम हुन सफल भएको नगरपालिकाले दाबी गरेको छ । 'कार्य सम्पादन मूल्यांकनमा हाम्रो नगरपालिका प्रथम भएको छ,' मध्यान्हसँग कुरा गर्दै नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले भने, 'हामी काम गर्ने कुरामा अब्बल छौं, तर पनि बजेट अभाव छ। धेरै संघीय योजना, प्रदेशका योजनाहरुमा बजेट निकै कम आएको छ।' उनले उत्कृष्ट काम गर्ने कर्मचारी र जनप्रतिनिधिलाई धन्यवादसमेत दिए।

सन्धिखर्क नगरपालिकाले नागरिकलाई केन्द्रमा राखेर प्रभावकारी सेवा प्रवाहको व्यवस्थाको साथै मूल्यांकनमा सबै सूचकहरुमा राम्रो अंक ल्याउन सफल भएको र बाँकी ३ वटा सूचकमा समेत बराबर अंक प्राप्त गरी नेपालकै प्रमथ भएको कार्यसम्पादन सूचक मूल्यांकनका फोकल व्यक्ति तथा योजना उपशाखा प्रमुम दिलिप कुमार केसीले जानकारी दिए। राजस्व उठाउन समेत नगरपालिकाले उत्कृष्ट भूमिका खेलेकाले नगरपालिकाको विकास निर्माणमा टेवा पुगेको नगरपालिकाका राजस्व शाखा प्रमुख मुक्ति खनालले बताए ।

## हवाई फायर गरी अवैध सालको काठ बरामद



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ फागुन

वन गस्ती टोलीले अवैध सालको काठ गाडामा लोड गरी लैजान लागेको अवस्थामा हवाई फायर गरेर बरामद गरेको छ। डिभिजन वन कार्यालय रौतहटको वन गस्ती टोलीले रामलाल वृन्दावन साझेदारी वन क्षेत्रबाट तीन राउण्ड हवाई फायर गरेर काठ बरामद गरेको हो ।

वृन्दावन नगरपालिका १ रामलाल वृन्दावन साझेदारी वन क्षेत्रभित्र वन सुरक्षा टोली र तस्करबीच जम्काभेट हुँदा गस्ती टोलीले हवाई फायर गरेर गोलिया काठ बरामद गरेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्र मिश्राले बताए ।

उक्त स्थानबाट तीना थान साढे ५७ फिटको गोलिया सालको काठ, एक थान टायर गाडा र एउटा पाडो बरामद गरेको प्रमुख मिश्रले बताए । झण्डै दुई लाख भन्दा बढी मूल्यको काठसहितको टायर गाडा र पाडो आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा ल्याइएको तथा घटनाबारे अनुसन्धान भइरहेको उनले जानकारी दिए ।

वन अधिकृत अनिल कुमार महतोको कमाण्डमा गएको टोलीले उक्त काठ बरामद गरेको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ। जिल्लाको पूर्वी भेगमा तस्करहरू काठ कटान गर्न बढी सक्रिय देखिएकाले अहिले वन सुरक्षा गस्ती टोली बढाइएको छ ।


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मिति: २०८०/११/१० को मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, ब्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

| क.स | कर्जा शिर्षक | ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना | | धितो लेखिदिएको सम्पत्तिको विवरण |
|---|---|---|---|---|
| १. | ओभरड्राट कर्जा | **ऋणीको नामः युनिस एण्ड युनिक ट्रेडर्स**<br>(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको)<br>दर्ता नं.: १८४८३/०७६/०७७<br>दर्ता मितिः २०७६/०८/१८<br>स्थायी लेखा नं.: ६१२५७९११६<br>ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३० ।<br>**प्रोप्राईटरः**<br>**लालुमाया क्षेत्री**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>११३६९१ (२०५७/१२/१३/कास्की)<br>बाबुको नामः विर सिं क्षेत्री<br>ससुराको नामः होमनाथ लुइटेल<br>पतिको नामः शंकर लुईटेल<br>ठेगानाः कास्की जिल्ला, सिल्दुजुरे गा.वि.स., वडा नं. ८ ।<br>**ब्यक्तिगत जमानतकर्ताहरुः**<br>**१. शंकर लुईटेल**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>१४७६८८ (२०६१/०२/०२/कास्की)<br>बाजेको नामः बिष्णु प्रसाद लुईटेल<br>बाबुको नामः होमनाथ लुईटेल<br>ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७ । | **२. कल्पना लुईटेल**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>४६१००१/१०८५० (२०६६/१२/०५/कास्की)<br>बाबुको नामः दाताराम धमला<br>ससुराको नामः होम नाथ लुईटेल<br>पतिको नामः शंकर लुईटेल<br>ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७।<br>**३. कुन्ती वाई क्षेत्री**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>७/५८२ (२०४६/०९/२०/कास्की)<br>ससुराको नामः कृष्ण बहादुर क्षेत्री<br>पतिको नामः विर सिं क्षेत्री<br>ठेगानाः कास्की जिल्ला, सिल्दुजुरे गा.वि.स. वडा नं. ८ । | १. विर सिं क्षेत्रीको छोरी, होमनाथ लुईटेलको बुहारी, शंकर लुईटेलको पत्नी, कास्की जिल्ला, सिल्दुजुरे गा.वि.स., वडा नं. ८ बस्ने **लालुमाया क्षेत्री**को नाममा मालपोत कार्यालय तनहुँ को लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. ८/ज स्थित कि. नं. ९० र ९४ को क्षेत्रफल क्रमशः ०-७-०-० र ०-६-०-० (रो.-आ.-पै.-दा.) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br><br>२. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत । |
| २. | आवधिक कर्जा | **ऋणीको नामः संतोष कुमार यादव**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>१६१०५२/२५१ (२०६७/०४/२८/सप्तरी)<br>बाजेको नामः टिका लाल यादव<br>बाबुको नामः श्याम नारायण यादव<br>ठेगानाः सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ ।<br>**ब्यक्तिगत जमानतकर्ताहरुः**<br>**१. दुर्गी कुमारी यादव**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>३७१४ (२०४१/०२/१०/सप्तरी)<br>ससुराको नामः टिका लाल यादव<br>पतिको नामः श्याम नारायण यादव<br>ठेगानाः सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ । | **२. रविना कुमारी यादव**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>१६-०१-७२-००९५३ (२०७२/०२/०७/सप्तरी)<br>बाबुको नामः राम नन्दन यादव<br>ससुराको नामः श्याम नारायण यादव<br>पतिको नामः संतोष कुमार यादव<br>ठेगानाः सप्तरी जिल्ला, बरही विरपुर गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ ।<br>**३. श्याम नारायण यादव**<br>ना.प्र.प.नं (जारी मिति/स्थान):<br>५९२४२८५३ (२०४२/१२/२७/सप्तरी)<br>बाजेको नामः रिताई यादव<br>बाबुको नामः टिका लाल यादव<br>ठेगानाः सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ । | टिका लाल यादवको बुहारी, श्याम नारायण यादवको पत्नी, सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स., वडा नं. ५ बस्ने **दुर्गी कुमारी यादव**को नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, जमुनीमधेपुरा न.पा./गा.वि.स., वडा नं. ५/क स्थित कि.नं. ४१० को क्षेत्रफल ०-२-७¼ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ३. | १.व्यक्तिगत ओभरड्राफ्ट<br>२.आवधिक कर्जा | **ऋणीको नामः ज्ञान प्रसाद गैरे**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>३९१०४५/३५ (२०६४/०९/२०/पाल्पा)<br>बाजेको नामः खिमानन्द गैरे<br>बाबुको नामः भीमलाल गैरे<br>ठेगानाः पाल्पा जिल्ला, वौघागुम्हा गा.वि.स.,वडा नं.९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. ३४ । | **ब्यक्तिगत जमानतकर्ताः**<br>**भगवती गैरे**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>१८२७२ (२०५९/०९/२६/रूपन्देही)<br>बाबुको नामः निमलाल भुसाल<br>ससुराको नामः भीमलाल गैरे<br>पतिको नामः ज्ञान प्रसाद गैरे<br>ठेगानाः रूपन्देही जिल्ला, देवदह गा.वि.स.,वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. ३४ । | निमलाल भुसालको छोरी, भीमलाल गैरेको बुहारी, ज्ञान प्रसाद गैरेको पत्नि, रूपन्देही जिल्ला, देवदह गा.वि.स.,वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. ३४ बस्ने **भगवती गैरे**को नाममा मालपोत कार्यालय काठमाण्डौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा., वडा नं. १० स्थित कि.नं. २८ को क्षेत्रफल ०-५-३-३ रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

### बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना

प्रकाशित मिति: २०७९/११/१०

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्रदाता | कबोल रकम रु. (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | MMSI/WORKS/NCB/ 2080-81/23 | Construction of sports Covered Hall At Melamchi-11 | M/S Do. B. B. Nirman Sewa | NRs. 10,077,752.82 |

प्रमुख प्रशासकीय अधिकृत



## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, हरिवन शाखाको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/११/१० गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

**ऋणीको नाम, थर र ठेगाना :**
रामचलितर राय यादवको नाती, साहेब राय यादवको छोरा, सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ७ बस्ने सिया सरण राय यादव .... १ र साहेब राय यादवको नाती, सिया शरण रायको छोरा, सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ८ बस्ने राम वालक राय .... १ समेत २ जना ।

**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**
जिवन राय यादवको छोरी, सिया सरण राय यादवको श्रीमती, सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ७ बस्ने श्रीमती कौशिला देवी ।

**धितो सुरक्षणको विवरण :**
सियासरण राय यादवको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेका सर्लाही जिल्ला, गंगापुर सितापुर नगरपालिका/गा.वि.स. वडा नं. ९ को कित्ता नं. ४७८ को ०-६-० (बि.क.धु.) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## कतारमा बैदेशिक रोजगारको अवसर

कम्पनी : Al Aibala Trading WLL — शहर: Doha, Qatar
पूर्व स्वीकृती मिति : २०८०/१०/२४ — चलानी नं. ६०२१५२६० — LT No. 299547

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant | 3 | काममा दक्ष | 1100 | ४०,११० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |
| २. | Labour | 3 | | 1000 | ३६,४६५ | | | | | | | |
| ३. | Sewing Worker | 3 | | 1100 | ४०,११० | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८० फागुन १७ गते (29 Feb, 2024) मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला।

Empire International Pvt. Ltd. — Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np



## Kuwait मा Female School Cleaner हरुलाई रोजगार

Al-Amana Security, (British School Kuwait)
पुनः विज्ञापन। पूर्व स्वीकृती मितिः २०७९/०३/२८ — चलानी नं. ६०१८३७९८ — LT No. : 267024

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Cleaner (Indoor) | 00 | 110 | काममा दक्ष | 90 | ३८,७६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता निम्न मिति र स्थानमा हुनेछः
२०८० फागुन १५ गते (27 Feb., 2024) नमस्ते जनप्रिय थकाली भान्छा घर पोखरामा,
२०८० फागुन १६ गते ( 8 Feb., 2024) रेड कारपेट होटल, चितवनमा,
२०८० फागुन १७ गते (29 Feb., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसीमा,
२०८० फागुन १८ गते (1 Mar., 2024) होटल इन टुरीस्ट इटहरी, सुनसरीमा र
२०८० फागुन १९ गते (2 Mar., 2024) सिद्धार्थ होटल, बिर्तामोडमा हुनेछ ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521,
Mob: 9851048235, 9851042984, 9860111396
Pokhara Con.: 9802855069, 9802855194, Chitwan Con.: 9802855075
Itahari Con.: 9804372357, 9817381197, Birtamod Con.: 9802028989
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com



## UAE तथा Kuwait मा वैदेशिक रोजगारको अवसर

### 1. 800 TEK Facilities Management LLC, UAE
पूर्व स्वीकृती मितिः २०८०/११/०८ — चलानी नं.:६०२१५२६५ — LT No.: 300305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 100 | 100 | काममा दक्ष | 800 | २८,८६१।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Rope Access Cleaner Level I | 60 | 00 | | 1300 | ४६,९००।- | | | | | | | |
| ३. | Rope Access Cleaner Level III | 10 | 00 | | 1600 | ५७,७२३।- | | | | | | | |

अन्तरवार्ता २०८० फागुन १७ र १९ गते (29 Feb & 2 March., 2024) यस प्रा. लि. को कार्यलय महाराजगंज, काठमाडौंमा र
२०८० फागुन १८ गते (1 March., 2024) जनप्रिय थकाली भान्छा घर पोखारामा हुनेछ ।

### 2. City Tower Hotel Part of Golden Sanabil Trading Company, Kuwait
पूर्व स्वीकृती मितिः २०८०/११/०८ — चलानी नं.: ६०२१५२६६ — LT No.: 300337

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hotel Cleaner Worker | 03 | 02 | काममा दक्ष | 100 | ४३,०६७।- | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Waiter/Waitress | 02 | 02 | | 115 | ४९,५२७।- | | | | | | | |
| ३. | Kitchen Cleaner/Steward | 02 | 00 | | 100 | ४३,०६७।- | | | | | | | |
| ४. | Asst. Cook | 02 | 00 | | 125 | ५३,८३३।- | | | | | | | |
| ५. | Online Seller | 00 | 01 | | 130 | ५५,९८७।- | | | | | | | |

अन्तरवार्ता २०८० फागुन १७ गते (29 Feb., 2024) यस प्रा. लि. को कार्यलय महाराजगंजमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

NAMASTE NEPAL MANPOWER PVT. LTD.
Gov. Lic. No. 355-059/060
Maharajgunj-3, Chakrapath, Kathmandu, Tel.. :01-4376406,
4017805, 9801220777, 9869729417, 9841335766, 9851088934

# वार्ता असफल भएपछि भारतीय किसानद्वारा दिल्लीमा पुनः आन्दोलन शुरु

**काठमाडौं/एजेन्सी–** बालीको उच्च मागमा सरकारसँग सम्झौता गर्न असफल भएपछि ट्याक्टरमा सवार हजारौं किसान बुधबार नयाँदिल्लीतर्फ जानका लागि फेरि तयार भएका छन् । विरोध प्रदर्शनले राजधानीमा राजमार्गहरूको वर्षभरिको घेराबन्दीलाई सफलतापूर्वक दोहोऱ्याउने आशा गरिएको छ । उक्त विरोध प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारमाथि सन् २०२१ मा आफ्नो कृषि सुधार योजनाहरूलाई त्याग्न दबाब दिएको थियो ।



प्रहरीले गत सातादेखि नै शम्भूको सानो गाउँनजिकै उनीहरूको गन्तव्यको उत्तरमा धेरै घण्टाको दूरीमा कृषि मेसिनरीमा किसानहरूको एक माइल लामो स्तम्भलाई रोकेर राखेको छ । प्रदर्शनकारीहरूले अश्रु ग्यासको ब्यारेजहरू प्रयोग गरेर उनीहरूलाई तितरबितर गर्ने प्रयासलाई विफल बनाएका छन् र उनीहरूको प्रगति रोक्नका लागि धातु स्पाइकहरू र कङ्क्रिट बेरिकेड्सको डरलाग्दो नाकाबन्दी पार गर्ने वाचा गरेका छन् ।

'हामी अवरोधहरू तोड्नेछौं भन्ने तपाईंलाई आश्वासन दिन्छौं,' ४५ वर्षीय किसान जगमोहन सिंहले एएफपीलाई भने, 'एकपटक हामीले यो अवरोधलाई तोडेपछि दिल्लीमा मात्र रोकिनेछौं ।'

किसान युनियनहरूले चामल, गहुँलगायत प्रमुख खाद्यान्नका लागि पहिलेदेखि नै रहेको सरकारी योजनालाई विस्तार गर्दै सबै बालीमाथि न्यूनतम मूल्य निर्धारण गर्नका लागि कानून बनाउन माग गरिरहेका छन् । उनीहरूले ६० वर्ष वा त्योभन्दा बढी उमेरका किसानका लागि ऋण मिनाहा र विश्वव्यापी पेन्सनसहित अन्य छुटको पनि माग गरेका छन् ।

सरकारका मन्त्रीहरू र युनियनहरूबीच वार्ताको परिणामको प्रतीक्षा गर्नका लागि प्रदर्शनकारीहरूले गत साता दिल्लीमा आफ्नो जुलुसलाई अस्थायीरूपमा रोकेका थिए । यद्यपि धेरै चरणको वार्ता कुनै नतिजामा पुग्न असफल भएको छ ।

फार्म लियर जगजीत सिंह दल्लेवालले सोमबार राति प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) लाई केही तर सबै बालीका लागि मूल्यको ग्यारेन्टी विस्तार गर्ने पछिल्लो सरकारी प्रस्ताव 'किसानको हितमा नभएको' बताए ।

भारतको एक अर्ब ४० करोड जनसंख्यामा दुईतिहाइ मानिस कृषिबाट आफ्नो जीविका चलाउँछन् । यो मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब पाँच भागको एक भाग हो । यद्यपि पछिल्ला केही दशकदेखि कृषि आम्दानी धेरै हदसम्म स्थिर बनेको छ र यो क्षेत्रलाई लगानी र आधुनिकीकरणको नितान्त आवश्यकता छ ।

गरिबी, ऋण र जलवायु परिवर्तनले लगातार खराब मौसमी अवस्थाबाट प्रभावित बालीका कारण प्रत्येक वर्ष हजारौं भारतीय किसानले आत्महत्या गर्छन् । आफ्नो विशाल संख्याका कारण किसानहरूको राजनीतिक प्रभाव छ र अप्रिलमा शुरु हुने राष्ट्रिय निर्वाचनअघि नयाँ सिराबाट विरोध प्रदर्शन हुँदैछ ।

सन् २०२० नोभेम्बरमा कृषि सुधार कानूनविरुद्धको अभियानमा हजारौं किसानले एक वर्षभन्दा लामो समयसम्म दिल्लको सडकलाई घेरेका थिए । किसानको विरोधका कारण मोदी सरकार पछि हट्नुपर्यो र उसले एक वर्षपछि कानूनलाई निलम्बन गर्नुपर्यो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः **Al-Hala Trading and Contracting Company Limited is a one-person company** शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८०/११/०९ चलानी नं.: ६०२१५२५७ LT. No.:300353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Electrician | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः **Al-Tathal Corporation for General Contracting** शहरः Dammam
पूर्व स्वीकृत मितिः २०८०/११/०९ चलानी नं.: ६०२१५२५६ LT. No.:300354

